www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- २८, २०८२ साल माघ २७ गते मंगलबार (February 10, 2026) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# खेलकुद आयोजना गरेर पनि देश विकास गर्न सकिन्छ

**■ मोहन कार्की**



यतिवेला नेपाली राष्ट्रिय क्रिकेट टिम भारतको बुम्बईमा टि २० विश्वकप खेल्न गएको छ । सोमवार भएको खेलमा नेपालले टि २० वल्डकप दुईपटकको विजेता ईग्ल्याण्डसँग भएको रोमान्चक प्रतिस्पर्धामा नेपालका खेलाडीहरुले उत्कृष्ट प्रदर्शन गरिरहदा नेपालका खेलप्रेमीहरुले मुम्बईको खेटे रंगशालामा विशाल उपस्थिति भएर समर्थन गरेको देख्दा ती खेलप्रेमीहरुले खेलाडी र देशप्रति माया र नेपाल देशप्रतिको भावना अत्यन्तै गर्व गर्न लायक बनेको छ ।

श्रीलंका र भारतमा भईरहेको टि २० वल्डकप खेलमा विश्वको ध्यान त्यता परिरहेको वेला नेपालमा भने निर्वाचनको चतारो छ । नेपाल प्राकृतिक सौदर्यले भरिएको देश र शान्ति भूमि गौतमबुद्ध जन्मेको पवित्र भूमि पनि भएको हुनाले नेपालमा अन्तराष्ट्रियस्तरका खेल मैदानहरु निर्माण गरेर अन्तराष्ट्रिय खेलकुदहरु आयोजना गरी नेपालले खेलकुद पर्यटनवाट नै धेरै आम्दानी गर्न सक्ने सम्भावना छ ।

नेपालमा भरखरै बनेको अन्तराष्ट्रिय क्रिकेट स्टेडियम किर्तिपुरमा निर्माण सम्पन्न भईसकेर एनपिएल कप समेत सम्पन्न भएको छ । गोकर्णमा पनि अन्तराष्ट्रियस्तरको ग्राउन बनिसकेको छ गोकर्णको अन्तराष्ट्रिय स्टेडियममा फलाइट लाईटका कामहरु गर्न अझ बाँकीछन् । फुटवलको लागि भक्तपुरमा ५० हजार अट्ने रंगशाला बनाउन डिपिआरको काम भईरहेको छ । अन्य प्रदेशहरुमा क्रिकेट ग्राउनहरु बनिरहेका छन् । फुटबल ग्राउण्डहरु बन्दैछन् । यो नेपाली खेलाडीहरुको लागि मात्र नभएर देशकै लागि गौरवको विषय हो ।

नेपाल सरकारले भएका संरचनालाई तिव्रगतिमा सुधार » बाकी ६ पृष्ठमा

# भ्रष्टाचार नियन्त्रण गर्न हामीसँग पर्याप्त संरचना र कानुन छन् प्रधानमन्त्री कार्की



काठमाडौं । प्रधानमन्त्री सुशीला कार्कीले भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको कामको प्रसंसा गरेकी छन् । बुधबार आयोगको ३५ औं वार्षिकोत्सव समारोहमा सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले अख्तियारले राम्रो काम गर्दागर्दै पनि भ्रष्टाचार न्युन हुन नसकेकामा भने चिन्ता व्यक्त गरिन् ।

'मुलुकमा सुशासन प्रवर्धन र भ्रष्टाचार न्यूनीकरणका लागि आयोगले निभाउँदै आएको भूमिका महत्वपूर्ण छ,' प्रधानमन्त्री कार्कीले भनिन् । पछिल्लो समय अझै सक्रिय र निर्भिक रूपमा सशक्त ढंगले आयोगले काम गरिरहेको पनि प्रधानमन्त्री कार्कीले टिप्पणी गरिन् ।

'मुलुकमा सुशासन, विकास र समृद्धिको » बाकी ६ पृष्ठमा

# राष्ट्रपति पौडेलसमक्ष गोर्खा ब्रिगेडको वार्षिक प्रतिवेदन प्रस्तुत

काठमाडौं । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष संयुक्त अधिराज्य बेलायती सेनाका मेजर जेनरल जेरल्ड एम स्ट्रिकलेण्डसहितको टोलीले गोर्खा ब्रिगेडको वार्षिक प्रतिवेदन प्रस्तुत गरेको छ ।

सो अवसरमा राष्ट्रपति पौडेलले अन्तरराष्ट्रिय मञ्चहरूमा नेपाल र संयुक्त अधिराज्यले विकास, मानव कल्याण र शान्तिसँग सम्बन्ध राख्ने विषयहरूमा सहकार्य गर्दै आएको र दुवै राष्ट्रहरूले राष्ट्रसङ्घीय शान्ति सेनामार्फत विश्वशान्ति स्थापनाबारे समान धारणा राखिरहेको उल्लेख गरे । » बाकी ६ पृष्ठमा

# सौर्य एयरलाइन्सले डेढ वर्षपछि पायो उडान अनुमति



काठमाडा । निजी क्षेत्रद्वारा सञ्चालित वायुसेवा कम्पनी सौर्य एयरलाइन्सले डेढ वर्षपछि उडान अनुमति पाएको छ । २०८१ साउन ९ गते पोखरा उडानका क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दुर्घटना भएपछि नेपाल उड्डयन प्राधिकरणले सौर्यको एयरक्राफ्ट अपरेटर सर्टिफिकेट९एओसी० अनिश्चितकालका लागि निलम्बन गरेको थियो ।

जहाज सि-चेक भन्ने विस्तृत निरीक्षणको लागि काठमाडौंबाट पोखराका लागि उडेको थियो । दुर्घटनामा परेको जहाजमा १९ जना यात्रमध्ये क्याप्टेन मनिष शाक्य बाहेक १८ जनाको ज्यान गएको थियो ।


जहाज रनवे ०२ तर्फबाट उडेको र पूर्वतर्फ रनवे २० नजिकै दुर्घटनामा परेको थियो ।माघ ४ गते प्राधिकरणले सौर्य एयरलाइन्सको एओसी नवीकरण र यसअघिको निलम्बन समेत फुकुवा गरेको छ ।

यो नवीकरणको अवधि सन् २०२७ सम्म रहेने प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले बताए ।प्राधिकरणले चन्द्रगढी विमानस्थल (भद्रपुर), विराटनगर विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय एयरपोर्ट भैरहवा, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल ९पोखरा०, नेपालगञ्ज विमानस्थल र धनगढी विमानस्थलमा नियमित तथा वैकल्पिक उडान अनुमति दिएको छ ।

दुर्घटनापछि निलम्बनमा परेको एयरलाइन्सले प्राधिकरणसँग डेढ वर्षदेखि उडानका लागि अनुमति माग्दै आएको थियो ।


सौर्य एयरलाइन्सका बजार प्रमुख मुकेश खनालका अनुसार एउटा विमानले काठमाडौं बाहिर र दुइटाले त्रिभुवन विमानस्थलमै रहने गरेर » बाकी ६ पृष्ठमा

# तामाकोशी बस दुर्घटना बेपत्ता तीन जनाको खोजी जारी



रामेछाप । गत मंगलबार रामेछापमा भएको बस दुर्घटनामा परी बेपत्ता भएका तीन जनाको खोजी तीव्र रूपमा चलिरहेको छ । नेपाल प्रहरी र सशस्त्र प्रहरीको गोताकोर टोलीले बस दुर्घटनास्थल तामाकोशी र सुनकोशी नदीका विभिन्न क्षेत्रमा खोजी जारी राखेको छ ।

काठमाडौंबाट ओखलढुंगाका लागि छुटेको बाप्र ००१( ०५ ख ९९७५ नम्बरको अरनिको यातायात सेवा प्रालिको बस मन्थली » बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- २८,
२०८२ साल माघ २७ गते मंगलबार
10 FEBRUARY 2026, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुँदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

# लोकतन्त्रमा सबैको सम्मान हुनुपर्छ ।

लोकतान्त्रिक पद्धती भएको देशमा सबैको अधिकार सुनिश्चित गर्नुपर्छ भन्ने मुल उद्देश्यमा आधारित संविधान नेपालमा छ । त्यसैको जगमा नेपालमा यतिवेला प्रतिनिधिसभा विघटन भएर पुनः संविधान निर्माणको चरणमा छ ।

यहिवेला राजावादी अर्थात राजासहित लोकतन्त्र चाहियो भनेर राजावादी समूहहरू सडकमा आन्दोलनरत छन् । त्यसमध्य सवैभन्दा उग्ररूपमा देखिएको दुर्गा प्रसाई नेतृत्वको समूह बढी आक्रमक देखिन्छ । प्रसाई नेतृत्वको समूहले राजा नल्याई गरिने निर्वाचन आफुहरूलाई स्वीकार्य नभएको भन्दै बिभिन्न ठाउँहरूमा कार्यक्रम गर्दै आएकाछन् । एक हिसावले उनले भनेको पनि ठिकै हो लोकतन्त्रमा सवैले आ-आफ्नो विचार, वाक स्वतन्त्र राख्न सक्छन् । त्यो अनुमोदन भने जनताले गर्ने गर्दछन् । तर दुर्गा प्रसाई नेतृत्वको समूहले गरेको आन्दोलन कतिपय वेला सडकमा आम नागरिकलाई दुखः दिने ढंगवाट गदै आएका छन् । यसरी सडकमा अरू हिड्ने बाटोमा अवरोध गरेर गर्ने कार्यक्रमले अरूको अधिकारको हनन् गर्छ त्यसकारण आफ्ना मागहरू सार्वजनिक गर्न अरूलाई अवरोध हुने क्षेत्र हेरेर गर्नुपर्छ ।


अर्को सरकार पक्षवाट पनि विचार राखेकै भरमा माग राखेकै भरमा कुनै व्यक्ति विशेषलाई पक्राउ गरेर थुनामा राख्नु हुदैन । दुर्गा प्रसाईले राजतन्त्र पुनःस्थापना गर्नुपर्छ भनेर बिभिन्न कार्यक्रममा बोलेकै कारण प्रसाईलाई पक्राउ गर्नु थुन्नु लोकतन्त्र मानिदैन । उनलाई पटक पटक पक्राउ गरी थुनामुक्त गरिदै आएको छ ।

सरकार पक्ष आन्दोलनरत पक्ष वा अन्य राजनीतिक दल सवैले अनुसाशित भएर लोकतन्त्रमा जायज माग वा जनताले अनुमोदन गरेका कुराहरू स्वीकार्न सक्नुपर्छ । तव मात्र लोकतन्त्र बलियो हुनसक्छ ।

अहिले निर्वाचनको छेउछाउमा राजनीतिक पार्टीका नेता, कार्यकर्ताहरूले दिईरहेको अभिव्यक्ति व्यावहारहरू हेर्दा, सुन्दा उत्तेजक, आक्षेपपूर्ण, नकरात्मक द्वान्द्ध भड्काउने खालका देखिन्छन् । यस्तो नकरात्मक प्रबृतिले नेपालको विकास र उन्नति र नेपालको असल संस्कारलाई टेवा दिदैन ।

त्यसकारण लोकतन्त्रमा आफु अनुसाशित भएर अरूलाई अनुसाशन सिकाउनु अरूको अधिकार स्वीकार्नु अफू अनुसाशित भएर अरूलाई सम्मान गर्न सक्नु नै लोकतन्त्र हो । यो कुरा कसैले नर्बिसौं ।

# प्रतिष्ठाको लडाइँ भएका दुई निर्वाचन क्षेत्र



■ श्यामप्रसाद मैनाली

फागुन २१ गते देशभर आम निर्वाचन हुँदै छ । यसअघिका निर्वाचनमा प्रायः नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्र गरी तीन दलको प्रतिस्पर्धा हुने गरेको थियो । तर यस वर्ष राष्ट्रिय स्वतन्त्र पार्टी खरो प्रतिस्पर्धामा उत्रिएको छ । देशभर चुनावी सरगर्मी बढिराखेको छ । के कस्ता नारा दिएर जनताको मन जित्न सकिन्छ ? त्यसैमा दलहरू लागिपरेका छन् । सबै दलको साझा नारा सुशासन भएको छ । सुशासनका दिशामा निर्वाचनपश्चात् अघि बढ्लान् भन्ने विश्वास गरिहाल्न सक्ने अवस्था कुनै पनि राजनीतिक दलले दिन सकेका छैनन् ।

गतवर्षका आम निर्वाचनहरूभन्दा यो निर्वाचन विविध कारणले भिन्न देखिएको छ । पहिलो हो, २०८४ मा हुनुपर्ने निर्वाचन २०८२ मा नै हुन पुगेको छ । नयाँ पुस्ताहरूको असन्तुष्टि व्यापकरुपमा राजनीतिक दलहरुप्रति देखिँदा यसको परिणामस्वरूप होनहार युवाहरुले आफूलाई बलिवेदीमा चढाएर निर्वाचनलमा जाने परिस्थिति निर्माण भएको हो । ताजा जनादेशबाट जनताको चाहनाको परीक्षण यस निर्वाचनले गर्न खोजेको छ ।

दोस्रो हो, नयाँ पुस्ताको चाहना अनुरुप युवानेतृत्व सबै दलमा र सरकारमा देख्न चाहेको अवस्था छ । त्यसैले प्रतिस्पर्धामा उत्रिएका नयाँ र पुराना अनुहारहरूको समिश्रणलाई मतदाताले कसरी स्वीकार वा अस्वीकार गर्ने हुन् ? त्यसको परीक्षण यस निर्वाचनले गर्नेछ । तेस्रो हो, देशमा कुशासन व्याप्त छ । भ्रष्टाचारले संस्थागत स्वरूप ग्रहण गरेको छ । यो अवस्थाबाट मुक्ति दिलाउन सक्ने राजनीतिक दल कुन हुन सक्छ ? मतदाताले त्यस्ता दलहरूको खोजी गरिरहेको अवस्था छ । पुराना दलहरूकै राम्रा प्रतिस्पर्धीहरूलाई मतदान गर्ने हो वा सबै नयाँ अनुहारहरुलाई विश्वास गर्ने हो ?

मतदाताहरूका लागि यो अवसर बनेको छ । चौथो हो, राजनीति सधैँ सरल रेखामा हिँड्दैन । जुन शक्तिले भाद्र २३ गते आन्दोलन गऱ्यो, त्यही शक्तिले 'हाम्रो हातबाट आन्दोलन बाहिर गयो, घुसपेठ भयो, तसर्थ हाम्रो आन्दोलन यही समाप्त भयो' भनेर सोही दिन घोषणा गरेको थियो । तत्पश्चात् पनि २४ गते ठूलो धनजनको नोक्सानी भएको छ । यसले एउटा ठूलै पाठ नेपाली जनतालाई पढाएको छ ।

अबका दिनहरूमा यस प्रकारका अनिष्ट परिणामको सामना गर्नु नपर्ने प्रत्याभूति कसरी गराउन सकिन्छ ? यसको छिनोफानो गर्नुपर्ने दायित्व मतदातामा रहेको छ । आसन्न आम निर्वाचनले यसलाई अहं सवालको रुपमा हेर्ने निश्चित छ । विशेष गरी सचेत मतदाताको चासो यसतर्फ बढी भएको अनुभूति भइराखेको छ ।

पाँचौं हो, पुरातनवादी दलहरू र नयाँ ऊर्जाका साथ राजनीतिमा होमिएका शक्तिहरूको बीचको यो प्रतिस्पर्धा अत्यन्त कडा हुने देखिँदै छ । त्यसैले आ-आफ्ना दल र नेताहरूको अस्तित्वको लडाइँमा के-कस्ता खालका स्वाभाविक र अस्वस्थ गठबन्धन, चुनावी तालमेल, चुनावी रणनीतिहरु यो निर्वाचनले अवलम्बन गर्ने हो ? त्यो पनि धेरैको चासोको विषय बनेको छ । यही अवस्थामा देशका १६५ निर्वाचन क्षेत्रहरूको निर्वाचनका लागि प्रतिस्पर्धीहरु मैदानमा उत्रेको अवस्था छ । जनताका बीचमा अब्बल परीक्षण हुन सबै उम्मेदवारले प्रतिस्पर्धा गरिरहेका छन् ।

प्रधानमन्त्रीका प्रतिस्पर्धीहरु :

आसन्न निर्वाचनमा आ-आफ्ना दलहरुबाट देशको प्रधानमन्त्रीको रुपमा अघि सारिएका केही पात्रहरूको विश्लेषण गरौं । श्रम र संस्कृति पार्टीका हर्क साम्पाङ सुनसरीबाट प्रतिस्पर्धा गर्दै छन् । श्रम र आन्तरिक स्रोत-साधनबाटै राष्ट्रको निर्माण गर्न सक्ने प्रतिबद्धतासहित जनतासमक्ष प्रस्तुत भएका हर्कजी निष्कलंक पात्र हुन् । धरानमा मेयर पदमा कार्यरत रहँदा उनको सच्चरित्रतामा कुनै प्रश्न उठेन । उनका समर्थकहरु ठूलै संख्यामा देखिएका छन् । यस अर्थमा हर्कजी सम्भवतः सांसद पदमा निर्वाचित हुनेछन् । तत्पश्चात् देशको प्रधानमन्त्री बन्नका लागि धेरैवटा पक्षले निर्णायक भूमिका खेल्छन् । संसद्को बनावट हेरेपश्चात् उनी प्रधानमन्त्री पदमा आसीन हुने वा नहुने अनुमान गर्न सकिन्छ ।

सर्लाही ४ नम्बर निर्वाचन क्षेत्रमा अमरेश सिंह राष्ट्रिय स्वतन्त्र पार्टीबाट र नेपाली कांग्रेसका नवनिर्वाचित सभापति तथा प्रखर वक्ता गगन थापाजी प्रतिस्पर्धामा उत्रिएका छन् । दुवै उम्मेदवार आफू निर्वाचित हुनेमा विश्वस्त छन् । अमरेशजीले बालेनजी झापा ५ बाट र आफू सर्लाही ४ बाट निर्वाचनमा पराजित भएमा आत्मदाह गर्नेसम्मको उद्घोष गरिसकेका छन् । अमरेशजी २०७९ सालको निर्वाचनमा नेपाली कांग्रेसले टिकट नदिएपश्चात् स्वतन्त्र उम्मेदवारी दिई निर्वाचित भएका थिए । अहिले उनी नयाँ उदय भएको युवाहरूको आकर्षण देखिएको राष्ट्रिय स्वतन्त्र पार्टीको टिकटबाट निर्वाचनमा प्रतिस्पर्धा गर्दै छन् । स्वतन्त्र उम्मेदवारका रूपमा विजयश्री प्राप्त गरेका अमरेशलाई राष्ट्रिय स्वतन्त्र पार्टीको समर्थन रहँदा उनी जित्ने प्रायः निश्चित रहेको भनाइ उनका समर्थकहरूको रहेको छ ।

२०७९ सालमा नेपाली कांग्रेसका असन्तुष्ट मतदाताले अमरेशजीलाई मत दिएका थिए । यही मत उनको विजयका लागि सहज बनेको थियो, किनकि उनी लामो समयसम्म नेपाली कांग्रेसमै आबद्ध थिए । यतिखेर नेपाली कांग्रेससँगको आबद्धता टुटेको लामो समय भएको छ । नेपाली कांग्रेसप्रति प्रतिबद्ध तर कांग्रेस नेतृत्वसँग लामो समयदेखि असन्तुष्ट रहेका मतदाताले अमरेशजीलाई मत देलान् वा नदेलान् ? सन्देह गरिँदै छ ।

यस निर्वाचन क्षेत्रमा गगनजीका सम्भावनाका बारेमा विश्लेषण गरौं । उनी उत्साहित मनोविज्ञानका साथ सर्लाही प्रवेश गरेका छन् । लामो समयदेखि आफ्नो दलभित्रको नेतृत्व परिवर्तनको लडाइँमा उनलाई यतिखेर सफलता मिलेको छ । उनी देश बदल्ने नाराका साथ निर्वाचनमा होमिएका छन् ।

गगनजीलाई प्रधानमन्त्रीका रुपमा नेपाली कांग्रेसले अघि बढाउँदा उनको पक्षमा जनमत तयार पार्न सहज भएको छ । किनकि सर्लाही जिल्लाले नेपालको राजनीतिक इतिहासमा सम्भवतः प्रथमपटक प्रधानमन्त्रीको सम्भाव्य उम्मेदवार पाएको छ । यो सर्लाहीबासीहरूका लागि थप खुशीको विषय हो । सभापति नै आफ्नो निर्वाचन क्षेत्रमा प्रतिस्पर्धा गरिरहँदा नेपाली कांग्रेसका सबै कार्यकर्तालाई समेट्न सहज भएको छ । नेपाली कांग्रेसका कार्यकर्तालाई गगनजीको उपस्थितिले थप उत्साहित बनाएको छ । गगनजी प्रतिनिधिसभामा पुगेको अवस्थामा देशको प्रधानमन्त्री हुने प्रायः निश्चित छ । किनकि कमजोर र अस्थिर प्रतिनिधिसभा हुनेछ । कुनै पनि दलले बहुमत प्राप्त गर्न सक्ने छैनन् । मिलिजुली सरकार बन्ने निश्चित छ ।

मिलिजुली सरकारमा ठूला दलहरूका शीर्षहरू पालैपालो गरी प्रधानमन्त्री हुने स्थिति बन्छ । सर्लाही जिल्लाले देशको प्रधानमन्त्री पाउने भएकाले पनि त्यहाँका मतदाताले उत्साहका साथ गगनजीको पक्षमा मतदान गर्नेछन् । त्यस निर्वाचन क्षेत्रमा नेपाली कांग्रेसका प्रतिबद्ध मतदाताहरु करिब ६५ प्रतिशत भएको अनुमान गरिँदै छ । गगनजीलाई विजयश्री प्राप्त गर्न आफ्नै दलका प्रतिबद्ध मतहरूलाई एकत्रित गराउँदा पर्याप्त हुनेछ । नेपाली कांग्रेसका मतदाताहरू प्रधानमन्त्रीको उम्मेदवार पाउँदा एकताका साथ गगनजीको पक्षमा उभिने सम्भावना प्रबल छ । यस अवस्थामा गगनजी सर्लाहीबाट निर्वाचित हुनेछन् ।

झापा निर्वाचन क्षेत्र नम्बर ५ अहिले अत्यन्त बढी चर्चामा छ । युवाहरूको विशेष आकर्षणको केन्द्र बनेको राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन शाह भावी प्रधानमन्त्रीका रुपमा आफ्नो दलबाट उद्घोष गराई उक्त क्षेत्रबाट निर्वाचनमा प्रतिस्पर्धा गरिराखेका छन् । उनको पक्षमा युवाहरूको आकर्षण देखिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका युवा मतदाताहरूमध्ये धेरै विदेशमा रहेका छन् । उनीहरुलाई मताधिकार दिएर यसै निर्वाचनमा सहभागी गराउन सक्दा नयाँ दलहरूको अवस्था सुदृड हुने थियो । त्यो हुन नसकेको कारण युवाहरूको मतदाता नामावलीमा नाम रहन्छ तर मतदान गर्ने व्यक्ति विदेशमा भएको अवस्था छ । विदेशमा रहेका युवाहरूले आफ्ना अभिभावकलाई नयाँ दलको पक्षमा मतदान गर्न सम्झाइ-बुझाइ गर्दै छन् । देशभित्र भएका युवाहरूको पनि अधिकांशमा यही धारणा देखिन्छ । पुराना पुस्ताका मतदाताले नेपालको शासन, प्रशासन र राजनीति लामो समयदेखि अनुभव गरिरहेका छन् । राष्ट्र र राष्ट्रियताको बारेमा चिन्तन गर्न सक्ने अभिभावकहरू, सचेत नागरिकहरू मतदान कसलाई गर्ने ? सन्दर्भमा निर्णयमा पुग्न सकेका छैनन् । आजीवन पुराना दलहरूमध्ये सिद्धान्त र आस्थाका हिसाबले एक दलसँग आबद्ध भएकाहरूमध्ये केहीको मनस्थिति पनि दुविधात्मक देखिन्छ । आफ्ना सन्ततिहरू अधिकांश पुराना दलहरूको विकल्प दिने पक्षमा देखिँदै छन् । अभिभावकले आफ्ना परिवारका मतदातालाई आफ्नो निर्णयअनुसार मतदान गराउने वा आफ्ना सन्ततिको इच्छाअनुसार पुराना दलहरूको विकल्पमा उभिने हो ? कतिपय परिवारले निर्णय लिन सकेका छैनन् ।

यो समस्या र मनस्थिति देशभरकै मतदातामा रहेको छ । यसले केही हदसम्म राष्ट्रिय स्वतन्त्र पार्टीलाई सहज अवस्था बनाउनेछ । यसबाट झापा निर्वाचन क्षेत्र ५ पनि अछुतो रहन सक्दैन । तर ओलीजी लामो समयदेखि त्यस क्षेत्रका जनप्रतिनिधि हुन् । देशको स्रोत-साधन झापामा पर्याप्त पठाएका छन् । विकास निर्माण गरेका छन् । प्रत्येक घर-परिवारसँग व्यक्तिगत सम्बन्ध कायम गर्न सफल छन् । उनी सफल भएमा देशको प्रधानमन्त्री हुने प्रायः निश्चित छ । बालेनजी पनि निर्वाचित भएको खण्डमा प्रधानमन्त्री हुने सम्भावनामा रहेका व्यक्ति हुन् । त्यसैले यो क्षेत्रको निर्वाचन अत्यन्त रोमाञ्चक बनिरहेको छ । दुईमध्ये एक प्रधानमन्त्रीका उम्मेदवारलाई त्यस निर्वाचन क्षेत्रले बिदा गर्नेछ । त्यसैले पनि झापाको निर्वाचन क्षेत्र नम्बर ५ मा अत्यन्त ठूलो प्रतिस्पर्धा छ । एमालेको सम्पूर्ण ऊर्जा यस क्षेत्रमा केन्द्रित हुनेछ । ग्रामीण क्षेत्रहरूमा राष्ट्रिय स्वतन्त्र पार्टीको ठूलो प्रभाव देखिँदैन तर शहरी क्षेत्रमा यस दलको प्रभाव अत्यन्त बढिराखेको छ । मजदुर वर्गका मतदाता पनि राष्ट्रिय स्वतन्त्र पार्टीकै पक्षमा देखिन्छन् । यो वर्गका मतदाता भनेको स्वभावतः साम्यवादी दलहरूकै झन्डामा आबद्ध भइराखेका हुन् । त्यसैले झापामा अत्यन्त ठूलो प्रतिस्पर्धा हुन्छ । ६४ सालमा एकपटक मात्र पराजयको सामना गर्नुपरेका ओलीजी यसपटक अत्यन्त ठूलो तनावमा रहेका छन् । २०७९ को निर्वाचनमा निकटतम प्रतिद्वन्द्वी राष्ट्रिय स्वतन्त्र पार्टीकै उम्मेदवार भएका कारणले पनि यस निर्वाचनमा प्रतिस्पर्धा अत्यन्त तीव्र हुनेछ । बालेनजीको आम जनतासँग सम्पर्कमा नआउने शैलीले गर्दा ओलीलाई निर्वाचनमा विजय हुन सहज अवस्था बनाएको छ ।

अर्का प्रधानमन्त्रीका उम्मेदवार हुन् कमरेड प्रचण्ड, उनी निर्वाचनमा प्रतिस्पर्धा गर्दै गर्दा हार र जित दुवैको अनुभव सम्हालेका नेता हुन् । सुरक्षित निर्वाचन क्षेत्र बनाएका छैनन् । उनी विभिन्न खालका रणनीति अवलम्बन गर्दै प्रत्येक निर्वाचनमा निर्वाचन क्षेत्र परिवर्तन गर्दै प्रतिस्पर्धा गरिरहेका छन् । यस निर्वाचनमा रुकुम-पूर्व पुगेका छन् । द्वन्द्वरत अवस्थामा माओवादीको प्रभाव क्षेत्रका रुपमा रहेको रुकुम जिल्लामा उक्त दलको पक्षमा मत आउनुपर्ने हो । तर उनले माओवादी दलसमेत परिवर्तन गरेर नेपाली कम्युनिस्ट पार्टीका नामले आफ्नो इज्जत र प्रतिष्ठा बचाई अध्यक्षको ठाउँमा संयोजक बन्दै राजनीतिमा आफ्नो स्थान सुरक्षित राखेका छन् । १७ हजार नेपालीलाई बलिवेदीमा चढाएर देशको प्रधानमन्त्री पटक-पटक हुँदा त्यसको उपादेयता मतदाताले खोजिराखेका छन् । यो खतरा उनलाई छँदै छ ।

जनार्दनजी र ओलीजीको रणनीति उनलाई निर्वाचनमा पराजित गर्ने हिसाबले अघि बढेको सूचना प्राप्त भइराखेको छ । त्यसैले प्रचण्डजी राजनीतिका खेलाडी हुन् । उनले रुकुम-पूर्वको निर्वाचन क्षेत्र रोज्नु एकमात्र उनी निर्वाचित हुने आधार हो । अन्यथा प्रचण्डजीको अवस्था सहज देखिँदैन । निर्वाचित भएमा जे-जस्तो आस्था र सिद्धान्त बोकेका दलहरुसँग पनि आफू प्रधानमन्त्री हुने मूल्यमा समझदारी गर्ने उनको पुरानो शैलीका कारण प्रधानमन्त्री हुने सांसदहरूको गणनामा उनी पनि पर्दछन् । यी पाँचजना आफूलाई भावी प्रधानमन्त्रीका रुपमा प्रस्तुत गर्दै निर्वाचनमा होमिएका छन् । संसद्को आकार कस्तो बन्ने हो ? तत्पश्चात् मात्र प्रधानमन्त्रीको सम्भावनाका बारेमा विश्लेषण गर्न सकिन्छ ।

निष्कर्ष :

निर्वाचनमा कुन दलले कति सिट प्राप्त गर्ला ? भनेर अहिले नै अनुमान गर्नु अपरिपक्व हुन्छ । मतदाताको आकर्षण र चुनावी रणनीतिले यसलाई दिशा दिने गर्दछ । नेपालको राजनीति भूराजनीतिबाट पनि प्रभावित हुन्छ । यद्यपि यो सन्दर्भ अमूर्त छ, तथापि राजनीतिक घटनाक्रमहरू र परिवर्तनहरूको आर्किटेक्ट देशबाहिर नै रहेको अवस्थाबाट हामी सबै परिचित छौँ । देशको राजनीति एउटा घटनाबाट निर्णायक मोडमा पुगेको थुप्रै उदाहरण नेपालको सन्दर्भमा दिन सकिन्छ । तत्कालीन राजा ज्ञानेन्द्रले सरकारको नेतृत्व गरिरहँदा सार्क शिखर सम्मेलनमा चीनलाई पर्यवेक्षक राष्ट्रको रुपमा राख्ने प्रस्ताव पेस हुनु नै यो देशलाई गणतन्त्र बनाउने प्रमुख कारण बन्न पुगेको हो ।

तत्कालीन प्रधानमन्त्री ओलीजीले बेइजिङमा भएको सम्मेलनमा भाग मात्र लिएनन् । त्यहाँ आयोजना गरिएको परेडमा समेत सहभागिता दिए । जापानमाथि चीनको विजयको विषयलाई लिएर प्रदर्शन गरिएको परेडमा हाम्रो देशको प्रधानमन्त्रीले सहभागिता दिनु आलोचनाको विषय बनेको छ । यति मात्र नभई पुटिनसँग र सीसँग उनको भेटघाटले पनि थप आशंका पश्चिमाहरुलाई हुने नै भयो । यसले नेपालका प्रधानमन्त्री ओलीजीप्रति गैरसाम्यवादी देशहरूको वक्रदृष्टि रहन पुग्यो । नेपालजस्तो सामरिक हिसाबले महत्व भएको सानो देशका प्रधानमन्त्रीले वैदेशिक सम्बन्ध सबैसँग सन्तुलित रुपमा राख्न विशेष ध्यान दिनुपर्ने थियो । यसलाई कसरी लिने हो ? वैदेशिक सम्बन्धका जानकारहरुका विश्लेषणहरुलाई आधार बनाउने हो भने, यसले देशका लागि राम्रो नगरेको र गत भाद्रको राजनीतिक घटनाक्रम पनि यसैको सह-उत्पादन हो भनिदै छ । निर्वाचन आउन धेरै दिन बाँकी छैन । अब प्रचारप्रसार र चुनावी रणनीतिहरूले उत्कर्ष रुप लिनेछ । यही क्रममा कुन दलको अवस्था कस्तो हुने हो ?

आँकलन गर्न सकिन्छ । राजनीतिक बजारमा चर्चामा आइरहेका विश्लेषणहरुलाई आधार मान्ने हो भने, कुनै एक दललाई सरकारमा पुऱ्याउने रणनीतिसहित यो निर्वाचन भइराखेको छ । यदि उक्त दल पराजित हुने अवस्था आउँदा निर्वाचन नै हुन नसक्ने स्थिति पनि देखिन सक्छ । यसका अतिरिक्त संसद् पुनर्स्थापनको मामिला सर्वोच्च अदालतमा विचाराधीन छ । यसको निर्णयपश्चात् पनि नेपालको राजनीतिले कुन प्रकारको भावी दिशा निर्दिष्ट गर्ने हो ?

विश्लेषणको विषय बन्न सक्छ । तसर्थ अहिलेको अवस्थामा झापाको निर्वाचन क्षेत्र नम्बर ५ अत्यधिक चासोको क्षेत्र बनेको छ । निर्वाचन शान्तिपूर्वक सम्पन्न भएमा तत्पश्चात् गणितीय र भूराजनीतिकसमेतका हिसाबले देशको सरकार प्रमुख कुन दलको कुन पात्रले सम्हाल्ने अवसर पाउने हो ? निश्चित छैन । किनकि वर्तमान संविधान कायम रहेसम्म प्रधानमन्त्रीको निर्वाचन संविधानसम्मत हिसाबले हुनुपर्दछ । अहिले निर्वाचनमा प्रधानमन्त्रीका रुपमा आफूलाई प्रस्तुत गरिराखेकाहरु निर्वाचन जितेमा पनि संसदीय दलको नेता हुन सक्ने हुन् वा होइनन्, निश्चित छैन । दलका तर्फबाट प्रधानमन्त्रीको उम्मेदवार तोक्ने भन्ने सन्दर्भ नै आफैँमा हास्यास्पद छ ।

### सिरहा कारागारमा तनाव

# नाइके पक्राउ परेपछि कैदीबन्दीले गरे आगजनी र तोडफोड



सिरहा । सिरहा कारागारमा कैदीबन्दीले तोडफोड आगजनी गरेका छन् । जेलभित्रै नाइकेको विषयलाई लिएर विवाद भएको हो ।

कारागरभित्रै अराजकता मचाएपछि सिराहा प्रहरीले नाइके इन्द्रजित यादव सहित १३ जनालाई पक्राउ गरेको छ । यादवलाई पक्राउ गरेको विषयलाई लिएर जेलभित्रै उनी पक्षका कैदीबन्दीहरूले तोडफोड र आगजनी गरेका हुन् ।

कारागारभित्र गोली र ठूलो परिमाणमा नगद रकम बरामद भएको थियो ।

जिल्ला सुरक्षा समितिले सोमबार गरेको अनुगमनका क्रममा कारागारभित्रबाट एक थान कटुवा पेस्तोल, दुई राउन्ड गोली र नगद १ लाख २० हजार रुपैयाँ फेला परेको हो ।

अनुगमनका क्रममा चुरोट, सुर्ती लगायतका प्रतिबन्धित सामग्रीसमेत जफत गरिएको छ । कारागारभित्र अवैध गतिविधिमा संलग्न रहेको आरोपमा कारागारका नाइके इन्द्रजित यादवसहित १३ जनालाई कारागारबाट निकालेर जिल्ला प्रहरी कार्यालय सिरहाको हिरासतमा राखिएको छ ।

प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलका अनुसार कारागारभित्र मदिरा, लागुऔषधको कारोबार, मोबाइल फोनको प्रयोग तथा चन्दाका नाममा जबर्जस्ती असुली हुँदै आएको विशेष सूचनाका आधारमा आज विहान सोमबार अपरेसन सञ्चालन गरिएको थियो ।

सो क्रममा नाइके यादवको कोठाबाट बन्दुक, गोली र नगद रकम बरामद गरिएको उनले जानकारी दिए ।भाग्ने योजना बनाएको आरोपमा १३ जना कैदीलाई नियन्त्रणमा लिइएको छ । उनीहरूलाई हात बाँधेर र आँखामा पट्टी बाँधी कारागारको भित्री गेटबाट बाहिर निकालिएको थियो ।

घटनापछि कारागारको अवस्था तनावग्रस्त बनेको छ । केही कैदी छतमाथि चढेर 'नाइके इन्द्रजितलाई फिर्ता गर', इन्द्रजित दाइ चाहियो, हाम्रो माग पूरा गर, सिडिओ,जेलर, एसपी मुर्दावाद' लगायतका नाराबाजी गरिरहेका छन् ।

कारागारभित्र कैदिबन्दीहरूले सिरक लगातका लुगाहरूमा समेत आगजनी गरेका छन् । कारागार भित्र र बाहिर नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको बाक्लो उपस्थिति रहेको छ ।

नियन्त्रणमा परेका कैदीहरू कर्तव्य ज्यान, डाका, अपहरण, ज्यान मार्ने उद्योग तथा लागुऔषधसम्बन्धी गम्भीर आपराधिक मुद्दामा संलग्न रहेको प्रशासनले जनाएको छ । १५० जना कैदी राख्ने क्षमता रहेको सिरहा कारागारमा हाल ४३६ जना कैदीबन्दी रहेका छन्, जसले व्यवस्थापन र सुरक्षामा गम्भीर प्रश्न उठाएको छ ।

# निर्वाचन प्रहरीमाथि कुटपिट आरोप, डीएसपी भन्छन् अनुशासनमा राख्न खोजिएको मात्रै हो



रोल्पा । रोल्पामा नेपाल प्रहरीले निर्वाचन प्रहरीमाथि कुटपिट गरेको घटना बाहिरिएको छ । माघ २६ मा सोमबार प्रहरी कर्मचारीहरूले १०४ जना निर्वाचन प्रहरीमाथि कुटपिट गरेको विषयले अहिले जिल्लामा तरंग सिर्जना गरेको हो ।

कुटपिट भएकामध्ये केहीलाई गम्भीर चोटपटक लागेको पनि खुलेको छ । १६ जनालाई उपचारका लागि रोल्पा अस्पताल रेउघामा पुऱ्याइएको स्रोतले बतायो । उक्त घटनालाई जिल्ला प्रहरी कार्यालयले गुपचुपमै राख्न खोजे पनि अहिले बाहिरिएको हो ।

अस्पतालस्रोतका अनुसार उनीहरू उपचारपश्चात् डिस्चार्ज भइसकेका छन्। उपचारमा आएका कुटिएका निर्वाचन प्रहरीमध्ये धेरैजसोको ढाडमा र तीघ्रामा नीलडाम रहेको अस्पतालस्रोतले जनाएको छ ।

प्रत्यक्षदर्शीका अनुसार त्यो दिन बेलुका ६ बजेतिर रोल्पा नगरपालिका(४ लिबाङको सात तलेमा रहेको शहीद प्रतिष्ठानको भवनमा खाना खाएर बस्ने व्यवस्था गरिएको कभर्ड हलतिर निर्वाचन प्रहरी फर्किएका थिए ।

नेपाल प्रहरीका दुई जना जवान मोटरसाइकलमा फर्किएका थिए । उनीहरूले निर्वाचन प्रहरीको व्यवहारले अपमानित महसुस गरेर मेस सञ्चालन भएको ठाउँमै फर्किन लगाएको स्रोत बताउँछ ।

त्यहाँ पुगेपछि 'हाँस्ने को-को हो रु' भन्दै निर्वाचन प्रहरीमाथि लाठीले कुटपिट भएको बताइएको छ । कुटिनेमा निर्वाचन प्रहरीको ४ नम्बर टोलीका १०४ जना रहेको स्रोतले बतायो ।

त्यसरी कुटपिट भएपछि तत्काले केही निर्वाचन प्रहरीले प्रतिवादसमेत गरेका थिए । जसमा जिल्ला प्रहरीका अधिकारीले कुटपिटमा संलग्न प्रहरी कर्मचारीमाथि विभागीय कारबाही गर्ने आश्वासन दिएपछि विषय गुपचुप भएको थियो ।

उक्त आश्वासन कार्यान्वयन नभएको आशंका देखिएपछि निर्वाचन प्रहरीहरूले नै घटना चुहाएका हुन् ।

अहिले जिल्ला प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक डीएसपी वीरेन्द्रवीर विश्वकर्माले पनि घटना भएको स्वीकार गरेका छन् । 'खाना खाएर फर्कने क्रममा बाटोमा अपशब्द प्रयोग गरेपछि निर्वाचन प्रहरीलाई अनुशासनमा बस्नुस् भनेर प्रशिक्षकहरूले अलि कडाइ गरिएको हो,' उनले भने, 'एक(दुई लाठी प्रयोग गर्दा केही गुनासो आएका होलान् ।' उनले यो विषय धेरै ठुलो नभएको दाबी गरे । कुटपिटमा संलग्न प्रहरी जवानलाई विभागीय कारबाही गरिसकेको पनि डीएसपी विश्वकर्माले बताए ।

प्रमुख जिल्ला अधिकारी गंगाबहादुर क्षेत्रीले पनि घटना स्वीकार गर्दै सुरक्षामा खटिने प्रहरी कर्मचारीले अनुशासनमा बस्नुपर्नेमा सतर्क गराएको आफूले जानकारी पाएको बताए ।

'निर्वाचन प्रहरी निर्वाचन सुरक्षाका लागि भर्ना गरिएको हो । उसले पनि अनुशासनमा बस्नुपर्छ । संस्थाको नियम मान्नुपर्छ,' उनले भने, 'त्यसैले अनुशासनमा रहन सचेत गराइएको हो, भन्ने मैले सुनेको छु ।' अहिले सामाजिक सञ्जालनमा यो घटनालाई कतिपयले मानव अधिकार उलंघनको घटनाका रूपमा पनि अर्थ्याइरहेका छन् ।

## रामेछाप डायरी

# गोकुलगंगा-१ चुचुरेमा ट्र्याक्टर दुर्घटना हुँदा स्थानिय भिम कार्कीको मृत्यु



■ विनोद कार्की

काठमाडौ । रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिका वडा नं । १ चुचुरेमा भएको ट्र्याक्टर दुर्घटनामा एक जनाको मृत्यु गएको छ । दुर्घटनामा स्थानीय भिम कार्कीको दुःखद निधन भएको हो ।

प्राप्त जानकारीअनुसार ट्र्याक्टर अनियन्त्रित भई पल्टिन लाग्दा त्यसलाई जोगाउने प्रयास गर्ने क्रममा अचानक पल्टिएको थियो । सोही क्रममा कार्की ट्र्याक्टरले च्यापिएर गम्भीर घाइते भएका थिए । गम्भीर चोटका कारण उनको घटनास्थलमै मृत्यु भएको जनाइएको छ ।

घटनापछि सम्बन्धित निकायले दुर्घटनाको कारणबारे आवश्यक अनुसन्धान सुरु गरेको जानकारी दिएको छ ।

# रास्वपा रामेछापले एमाले प्रति लक्षित गर्दै भन्यो 'तथ्यहीन आरोप लगाएर हाम्रो पार्टीलाई बदनाम गरियो, पब्लिक डिबेट गरा'



रामेछाप । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) रामेछापले आफ्नो पार्टीलाई झुटा आरोप लगाएर बदनाम गरिएको भन्दै मुख्य निर्वाचन अधिकृतको कार्यालयको ध्यानाकर्षण गरेको छ । विशेष गरी रास्वपाले नेकपा (एमाले) लक्षित असन्तुष्टि पोखेको हो ।

शुक्रवार मुख्य निर्वाचन अधिकृतको कार्यालयको आह्वानमा जिल्ला प्रशासन कार्यालयमा बसेको आचारसंहिता कार्यान्वयन विषयक छलफलमा बोल्दै रास्वपा रामेछापका नेता लवहरि बुढाथोकीले रास्वपा माथि आक्रमण गरिएको गुनासो गरेका हुन् । बैठकमा सहभागी एक नेताले भने 'उहाँहरूले खाँडादेवीमा पाइप वितरण गरेको भनेर गलत भ्रम फैलाइएको दाबी गर्दै झुटा आरोपहरूले आफ्नो पार्टी माथि आक्रमण गरिएको भनेर प्रष्ट शब्दमा भन्नु भयो ।' केही दिन अगाडि मतदाता भेटघाटको क्रममा रास्वपाका उम्मेद्वार डा.कृष्णहरि बुढाथोकीसहितको टिम खाँडादेवी गाउँपालिका-३, मा आचारसंहिता विपरीत खानेको पाइप बाँडेको भन्दै सामाजिक सञ्जालमा चर्चको आलोचना र टीकाटिप्पणी भएको थियो । सो, विषयमा नेकपा एमाले रामेछापका अध्यक्ष पुरुषोत्तम कडरिया लगायत नेकपा एमालेका नेताहरूले चर्को आलोचना गरेका थिए ।

सोही प्रशंगमा हुँदै नभएको घटनामा रास्वपालाई जोडेर पार्टीको बदनाम गरिएको तर्क गर्दै नेता रास्वपाका उम्मेद्वार कृष्णहरिका दाइ समेत रहेका लवहरि बुढाथोकीले भने 'हामी यो विषयमा जहाँ पनि गएर पब्लिक डिबेट गर्न तयार छौं' । रास्वपाले प्रस्ट भाषामै आफ्नो पार्टीमाथि अन्य दलहरूले आक्रमण गरेको दाबी गर्दै 'तथ्यहीन आरोप लगाइयो' भनेको हो । आफ्नो दलले आचारसंहिता पूर्ण पालना गरेको पटक-पटक दोहोऱ्याएको रास्वपाले निर्वाचनको खर्चलाई पारदर्शी गर्ने विषयमा आयोग निर्मम बनेर लाग्न आग्रह समेत गऱ्यो ।

आयोगको छलफलमा रास्वपा रामेछापले एमाले प्रति लक्षित गर्दै भन्यो 'तथ्यहीन आरोप लगाएर हाम्रो पार्टीलाई बदनाम गरियो, पब्लिक डिबेट गरौं'

# फेवातालमा भेटियो १८ राउन्ड गोली भएको एसएलआर



काठमाडौं । पोखराको फेवातालमा १८ राउन्ड गोली भएको अवस्थामा अत्याधुनिक हतियार एसएलआर राइफल फेला परेको छ ।

फेवाताल किनारमा बस्ने स्थानीय कुमार जलारीले माछा मार्न थापेको जालमा उक्त हतियार अड्किएर आएको कास्की प्रहरीका प्रवक्ता डीएसपी हरिबहादुर बस्नेतले जानकारी दिए ।

उनका अनुसार एसएलआर राइफलसँगै १८ राउन्ड गोली लोड गरिएको म्यागजिन पनि फेला परेको छ । फेवातालमा भेटिएको उक्त हतियार दर्ता भएको देखिए पनि कसको नाममा दर्ता हो भन्ने विषय भने अहिलेसम्म खुल्न नसकेको डिएसपी बस्नेतले बताए ।

जालमा परेको एसएलआर राइफलको दर्ता नम्बर १११ रहेको र बडी नम्बर १३८१० लेखिएको छ । हतियार कसको हो भन्नेबारे पुष्टि गर्न प्रहरी प्रधान कार्यालयमा पत्र पठाइएको उनले जानकारी दिए ।

फेवातालमा भेटिएको एसएलआर राइफल दर्ता भएकै देखिन्छ । कसको हो भनेर बुझ्न हाम्रो हेडक्वार्टरमा लेखी पठाएका छौं, डिएसपी बस्नेतले भने, केही दिनमै थाहा हुन्छ ।

उक्त हतियार कसको हो भन्ने खुलेपछि कसरी फेवातालमा पुग्यो भन्ने विषयमा थप अनुसन्धान अघि बढाइने प्रहरीले जनाएको छ ।


# बजेटको अर्धवार्षिक मूल्यांकन, ३ खर्ब १८ अर्ब मात्रै पुँजीगत खर्च हुने अनुमान

काठमाडौं । अर्थमन्त्रालयले चालु वर्षको लागि अनुमान गरिएको पुँजीगत खर्च करिब २१ प्रतिशत न्युन हुने अनुमान गरेको छ । बजेटको अर्धवार्षिक मूल्यांकन गर्दै पुँजीगत खर्चको अनुमान ३ खर्ब १९ अर्ब मात्रै हुने अनुमान गरिएको हो ।

अर्थमन्त्री रामेश्वर खनाल नेतृत्व गरिएको मूल्यांकनमा सबै प्रकारका खर्च घट्ने अनुमान गरिएको छ । चालु वर्षको लागि ४ खर्ब ७ अर्ब रुपैयाँ पुँजीगत बजेट विनियोजन गरिएको थियो । तर, अहिले भने ८८ अर्ब रुपयाँ कम खर्च हुने अनुमान गरिएको छ ।

त्यस्तै चालु खर्च ११ खर्ब ८० अर्ब विनियोजन गरिएकोमा १२ खर्ब २५ अर्ब खर्च हुने अनुमान गरिएको थियो ।वित्तीय वणयवस्थाको लागि ३ खर्ब ७५ अर्ब विनियोजन गरिएकोमा ३ खर्ब १८ अर्ब खर्च हुने अनुमान गरिएको थियो ।

# विदेश पठाउने भन्दै ६८ लाख ठगीको आरोपमा कन्सल्टेन्सी सञ्चालक पक्राउ



काठमाडौं । विदेश पठाउने भन्दै ६८ लाख रुपैयाँ ठगी गरेको आरोपमा एक कन्सल्टेन्सी सञ्चालक पक्राउ परेका छन् । पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-१० मा रहेको ह्याप्पी एजुकेशन कन्सल्टेन्सीका सञ्चालक चितवनको राप्ती नगरपालिका-२ घर भएका ३२ वर्षीय बद्री सिलवाल छन् ।

अध्ययन भिसामा २ विद्यार्थीलाई पोर्चुगल पठाउने भन्दै २१ लाख ७० हजार जम्मा गर्न लगाई उनी फरार भएका थिए । यो घटनामा उनलाई प्रहरी वृत्त लैनचौरले पक्राउ गरेको हो ।

उनै सिलवालले आफ्नो परिचय बदलेर केदार प्रसाद सिलवाल भन्दै अन्य व्यक्तिलाई पनि ठगी गरेको पाइएको हो । स्पेनमा विद्यार्थी भिसामा पठाउने भनदै उनले १२ लाख ४० हजार ठगी गरेको आरोप छ ।

त्यस्तै चार जनालाई सर्बिया पठाउने भन्दै २१ लाख ९० हजार ५ सय जम्मा गर्न लगाई ठगी गरेको पाइएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी तथा प्रवक्ता पवनकुमार भट्टराईले बताए । स्पेन पठाउछु भन्दै थप तीन जनाबाट १२ लाख ठगी गरेको आरोप उनीमाथि छ ।

जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- २८,
२०८२ साल माघ २७ गते मंगलबार
10 FEBRUARY 2026, TUESDAY

# चुनावी घोषणापत्रमा समावेश गर्न दलहरूलाई मोरङ उद्योग व्यापार संघको १५ बुँदे सुझाव

विराटनगर । मोरङ उद्योग व्यापार संघले दलहरूका चुनावी घोषणापत्रमा समावेश गर्ने १५ बुँदे एजेण्डा अगाडि सारेको छ ।

संघले उत्पादन वृद्धि, रोजगारी सिर्जना, निर्यात प्रवर्धन तथा राजस्व संकलन वृद्धिका लागि भन्दै आर्थिक एजेण्डा अगाडि सारेको हो । संघले वार्षिक एक करोड पर्यटक भित्र्याउने नीति अवलम्बन गर्ने, स्वदेशी उत्पादन संरक्षण गर्ने, ५ वर्षभित्र कम्तीमा १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने, उद्योग व्यवसायमा आन्दोलनलाई दण्डनीय बनाउने, सरकारी खर्च २५ प्रतिशत घटाउने लगायत प्रतिबद्धता चुनावी घोषणापत्रमार्फत गर्न दलहरूलाई आग्रह गरेको छ ।




यस्ता छन् संघका १५ बुँदे एजेण्डा

१. मुलुकको कृषि उत्पादकत्व अभिवृद्धि गर्न सहुलियत दर र समयमा पर्याप्त मल, विऊविजन, आधुनिक औजार आदिको उपलब्धता सुनिश्चित गर्ने व्यवस्था गर्ने ।

२. ५ वर्षभित्र वार्षिक १ करोड पर्यटक नेपाल भित्र्याउने स्पष्ट, ठोस र व्यवहारिक नीति ल्याउने ।

३. छिमेकी राष्ट्र एवं भारतका सीमावर्ती राज्यका नागरिकहरूलाई लक्षित गरी आधुनिक शैक्षिक र स्वास्थ्य प्रतिष्ठानहरू संचालन गर्ने रणनीति ल्याउने ।

४. सीमा नाकाबाट हुने अवैध कारोबार तथा चोरी पैठारीको नियन्त्रण गरी स्वदेशी उत्पादन संरक्षण गर्ने साझा नीति लिने ।

५. मुलुक आत्मनिर्भर रहेका वस्तुहरू उत्पादन गर्ने उद्योगहरूको संरक्षण, सम्वर्धन एवं विकास गर्ने विशेष नीति तत्कालै लिने ।

६. औद्योगिक प्रयोजनका लागि सहुलियत दर र नियमित विद्युत् आपूर्तिको व्यवस्था गर्नुका साथै आगामी ५ वर्षभित्र कम्तीमा १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने नीति लिने ।

७. भूपरिवेष्ठित नेपालका स्वदेशी उद्योगहरूलाई निर्यातमुखी र प्रतिष्पर्धी बनाउन समुद्री बन्दरगाहसम्मको आवागमनमा सहुलियत र सहजता प्रदान गर्ने, निर्यातजन्य वस्तुहरूमा निर्यात अनुदान दिने, सीमावर्ती औद्योगिक कोरिडरहरूमा सेज स्थापना गर्ने तथा विदेशी मुलुकहरूसँग फ्री ट्रेड एग्रिमेन्ट गर्ने लगायत नीति अवलम्बन गर्ने ।

८. ठूलो संख्यामा रोजगारी प्रदान गर्ने उद्योगहरूलाई प्रोत्साहन गर्नुका साथै मुलुकमा औद्योगिकीकरणका लागि विजारोपण गर्ने रणनीतिहरू तय गर्ने ।

९. विराटनगर लगायत नेपाल भारत सीमा नजिक रहेका औद्योगिक कोरिडरहरूमा अन्तर्राष्ट्रिय स्तरको प्रदर्शनी स्थल निर्माण गर्ने ।

१०. उद्योग व्यवसायहरूमा आन्दोलन, तोडफोड लगायत कुनै पनि प्रकारका अवाञ्छित गतिविधि हुन नदिने कडा सुरक्षा/दण्डनीय नीति ल्याउने ।

११. करदाता उद्योगी व्यवसायीहरूलाई पनि श्रमिक सरह सामाजिक सुरक्षा तथा पेन्सन योजनामा समेट्नु पर्ने ।

१२. कर्मचारी सरुवा, बढुवा र नियुक्तिमा मेरिटमा आधारित नीतिगत प्रणाली लागू गर्ने नीति लिनु पर्ने ।

१३. बजेटले प्रक्षेपण गरे बमोजिम सरकारका विकास निर्माणका कार्य तथा पुँजीगत खर्चहरू समयमै सम्पन्न गर्ने नीति अवलम्वन गर्नु पर्ने ।

१४. डिजिटल गभर्नेन्समार्फत आगामी २ वर्षभित्रै कम्तीमा २५ प्रतिशत सरकारी खर्च घटाउने ठोस नीति अवलम्बन गर्नु पर्ने ।

१५. श्रम ऐनका हालका व्यवस्थाहरूलाई मुलुकको उत्पादकत्व अभिवृद्धि एवं अझ उद्योगमैत्री बनाउने गरी परिमार्जन गर्नु पर्ने ।

# काठमाडौंको पुतलीसडकमा जकीको नयाँ शोरूमको उद्घाटन

काठमाडौं- जकीले काठमाडौंको प्रमुख व्यापारिक केन्द्रमध्ये एक पुतलीसडकमा आफ्नो नयाँ एक्सक्लुसिभ शोरूम सञ्चालनमा ल्याएको छ । उत्कृष्ट रिटेल अनुभव प्रदान गर्ने उद्देश्यले डिजाइन गरिएको यस स्टोरमा पुरुष, महिला र बालबालिकाका लागि जकीका सम्पूर्ण उत्पादनहरू उपलब्ध छन् ।

के छन् त मुख्य आकर्षणहरू

सम्पूर्ण उत्पादन रेन्जः इनरवेयर ९भित्री वस्त्र०, एथलिजर, एक्टिभवेयर, लाउन्जवेयर, थर्मल र दैनिक उपभोगका अत्यावश्यक लुगाहरूको विस्तृत संग्रह । अनुभूति प्रदान गर्ने डिजाइनःसहज र रमाइलो सपिङ अनुभवका लागि फराकिलो र आधुनिक स्टोर लेआउट ।

शोरूमले उत्कृष्ट सपिङ अनुभव प्रदान गर्दछ जहाँ मानिसहरूले ब्रान्डका सम्पूर्ण लाइफस्टाइल उत्पादनहरू सहजै रोज्न सक्छन् । जकी जस्तो विश्वव्यापी ब्रान्डले काठमाडौंमा यस्तो प्रिमियम उपस्थिति जनाएको देख्दा खुसी लागेको छ ।"

स्टोर म्यानेजरद्वय श्री मोहित कुमार सिन्हा र श्री गोकुल शर्माले एक संयुक्त विज्ञप्ति जारी



गर्दै भने– "हामी पुतलीसडकमा जोकीको यो नयाँ अनुभव ल्याउन पाउँदा निकै उत्साहित छौं । यो शोरूमले काठमाडौंमा हाम्रो बढ्दो उपस्थितिलाई झल्काउँछ र स्थानीय बजारमा विश्व-स्तरीय पहिरन उपलब्ध गराउने हाम्रो प्रतिबद्धतालाई पुष्टि गर्दछ ।

पुतलीसडकको यस शोरूमका साथै काठमाडौं उपत्यका र उपत्यका बाहिरका विभिन्न स्थानहरू, जनरल ट्रेड न्त् र प्रमुख मोडर्न ट्रेड आउटलेटहरूमा पनि जकीका स्टोरहरू उपलब्ध छन्, जसले ग्राहकहरूलाई ब्रान्डसँग अझ नजिक बनाएको छ ।

# जिएसएम प्रिपेड ग्राहकका लागि अनलाइन केवाइसी अपडेट देशैभर उपलब्ध




काठमाडौं । नेपाल टेलिकमका ९जिएसएम प्रिपेड० सिमकार्ड प्रयोगकर्ता ग्राहकहरूले कम्पनीमा रहेको ग्राहक विवरण अब आफैले अनलाइनमार्फत भरेर अपडेट गर्न सक्ने व्यवस्था गरिएको छ ।

गत पुस २२ गते दूरसञ्चार कार्यालय, सुन्धाराबाट यसको परीक्षण शुभारम्भ गरिएकोमा कम्पनीको २२औं वार्षिकोत्सवको अवसरमा २०८२ माघ २२ देखि देशभरका सबै कार्यालयबाट यो सुविधा उपलब्ध हुने व्यवस्था गरिएको हो ।यस अनुसार हाल आफ्नो नाम वा अन्य विवरण सच्याउनु पर्ने अवस्था भएका ग्राहकहरूले कस्टमर लगइन पोर्टल मार्फत आवश्यक विवरण भर्न सक्नेछन् ।

यसका लागि सम्बन्धित मोबाइल नम्बरमा प्राप्त ओटिपी राखेर त्यसै अनुसार आफ्नो व्यक्तिगत र अन्य विवरण सहित आफूले धेरै कल गर्ने ५ वटा मोबाइल नम्बर समेत राख्न पर्छ ।

सबै विवरण भरिसके पश्चात प्रमाणीकरणका लागि नजिकको नेपाल टेलिकमको कार्यालय वा ग्राहक सेवा केन्द्रमा सम्पर्क गर्नं पर्छ । सो विवरणको आधारमा नेपाल टेलिकमको सिस्टमले ग्राहकको विवरण प्रमाणित गरी अद्यावधिक गर्नेछ । अहिले पनि धेरै ग्राहकहरूको व्यक्तिगत विवरण अद्यावधिक नभएको अवस्थामा यसबाट धेरै ग्राहकलाई विवरण अद्यावधिक गर्न सहज हुनेछ । यसबाट अन्य सरकारी निकायमा समेत आफ्नो विवरण अद्यावधिक राख्न सजिलो हुने अपेक्षा गरिएको छ ।

# राष्ट्र बैंकका हाकिमहरु घुमेको घुम्यै, डेपुटी गभर्नरको दौडले नियमित काम पनि हुन छाड्यो



काठमाडौं । डेपुटी गभर्नर बन्न दौड र उच्च नेतृत्वको बारम्बारको विदेश भ्रमणले नेपाल राष्ट्र बैंकभित्र सम्पूर्ण काम नै प्रभावित हुन थालेको छ । मौद्रिक नीतिबाट घोषणा भएका महत्त्वपूर्ण सुधारदेखि राष्ट्र बैंकभित्रैका आन्तरिक कामसम्म प्रभावित भएका छन् । अध्ययन सकेर निर्देशिकाको रुपमा आउनुपर्ने तीनवटा सुधार कार्यक्रम रोकिएको छ भने राष्ट्र बैंकभित्रै कर्मचारीको कार्यसम्पादन मूल्यांकनबाट हुनुपर्ने बढुवासमेत रोकिएको छ ।

'अहिले राष्ट्र बैंकमा केही पनि काम हुँदैन । हाकिमहरु डुलेका डुल्यै छन् । बैठक बस्ने फुर्सद छैन,' एक निर्देशकले भने, 'बाँकी डेपुटी गभर्नरको दौडमा लागेका छन् । काम गर्नमा मन नै लागेको छैन ।' डेपुटी गभर्नरको पद फागुनको २५ गते रिक्त हुँदैछ । त्यसका लागि कार्यकारी निर्देशकहरु दौडमा छन् । अर्कोतिर बहालवाला डेपुटी गभर्नरहरु पालैपालो विदेश भ्रमणमा लागेका छन् ।

६ महिनायता मात्रै डेपुटी गभर्नरहरु डा. निलम ढुंगाना तिमिल्सिना ६ वटा देश र बमबहादुर मिश्र ५ वटा देश पुगिसकेका छन् । अहिले पनि मिश्र मलेसिया र थाइल्यान्ड भ्रमणमा छन् । तिमिल्सिना शनिबार मेक्सिको हिँडेकी छन् । गभर्नर डा. विश्वनाथ पौडेल गत साता मात्रै चीनको साताव्यापी भ्रमण सकेर नेपाल फर्किएका छन् । दसैंयता मात्रै उनी चार देश पुगेर फर्किएका छन् । अर्को महिना फेरि सम्भवतः अमेरिका जाँदैछन् । गभर्नर र डेपुटी गभर्नरहरु मुस्किलले काठमाडौं बस्ने हुँदा विभागस्तरका धेरै कामहरु रोकिन्छन् । यहीबेला डेपुटी गभर्नरको दौड चलेकाले कार्यकारी निर्देशकहरु पनि जाँगर देखाएर काम गर्दैनन् ।

गभर्नर डा. पौडेलले मौद्रिक नीतिमार्फत प्राथमिकता प्राप्त कर्जाको पुनरावलोकन गर्ने, नोक्सानी व्यवस्थापन नीति (प्रोभिजनिङ) देखि आधार दरसम्मको व्यवस्थालाई परिमार्जन गर्ने घोषणा गरेका थिए । कालोसूची सम्बन्धी व्यवस्था, प्रणालीगत जोखिमपूर्ण बैंक लगायतका कामहरु पनि रोकिएका छन् ।

'निर्णय गर्नुपर्ने कामहरु गभर्नर र डेपुटी गभर्नरका कारणले रोकिएको हो,' ती निर्देशकले भने, 'अध्ययन लगायतका कामहरु डेपुटी गभर्नरको दौडका कारणले सुस्त भएको हो ।'

राष्ट्र बैंकका गभर्नर पौडेलले प्राथमिकता प्राप्त क्षेत्रमा गएका ऋणहरु बाध्यात्मक हुँदा कृत्रिम ऋण प्रवाह भएकोमा स्पष्ट छन् । यसलाई पुनरावलोकन गरेर वास्तविक र यथार्थ बनाउने उनी सहमत पनि छन् । यसका बारेमा विभागस्तरीय अध्ययन पनि भइसकेको छ । तर, वरिष्ठ डेपुटी गभर्नरको नेतृत्वको नियमन समिति बस्न नसक्दा आवश्यक प्रक्रिया अगाडि बढेको छैन । ढुंगानाको नेतृत्वको समिति नबसेको डेढ महिना भइसक्यो । विदेश भ्रमणमा जाँदा वैधानिक कमाइ हुन्छ । त्यो कमाइको लोभले डेपुटी गभर्नरहरु अवकाश हुनुअघि घुमघाममा व्यस्त भएका हुन् ।

त्यसैगरी बैंकहरुको नोक्सानी व्यवस्थापन नीतिलाई पुनरावलोकन गर्ने भनेर राष्ट्र बैंकले आन्तरिक अध्ययन गरायो । अध्ययनले विद्यमान एक वर्षको सीमालाई बढाएर डेढ र दुई वर्ष पुर्‍याउने सिफारिस गरेको छ । तर, नियमन समिति बस्नै सकेको छैन । आधार दरदेखि कालोसूचीसम्मको व्यवस्था पुनरावलोकन पनि यही कारण रोकिएको हो । राष्ट्र बैंकले गर्ने कुनै पनि निर्णय गर्न नियमन समिति बस्नै पर्छ । उसले निर्णय गरेपछि गभर्नर नेतृत्वको व्यवस्थापन समिति वा सोझै संचालक समिति बैठकमा जान्छ । धेरैजसो अवस्थामा नियम र व्यवस्थापन समितिबाटै निर्णय हुन्छ । राष्ट्र बैंकको अहिलेको ताल देखेर बैंकरहरु पनि वाक्क दिक्क भइसकेका छन् । सानोभन्दा सानो काम पनि राष्ट्र बैंकबाट हुन छाडेको छ । यसमा नियमन र सुपरिवेक्षण विभाग मात्र होइन आर्थिक अनुसन्धानदेखि विदेशी विनिमय विभागसम्म प्रभावित भएको छ ।

# होवलदारको लेखापरीक्षणमा अधिकतम खराब ऋण ११ प्रतिशत

काठमाडौं । १० ठूला वाणिज्य बैंकको सम्पत्ति गुणस्तरको लेखापरीक्षणबाट औसत खराब कर्जा अनुपात ७.७ प्रतिशत कायम भएको छ ।

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को सर्तमा नेपाल राष्ट्र बैंकले अन्तर्राष्ट्रिय लेखापरीक्षकबाट गराएको लेखा परिक्षणका क्रममा अधिकतम खराब कर्जा अनुपात ११ प्रतिशत आएको हो ।

बंगलादेशको होवलदार युनुसले छानिएका १० बैंकको करिब ३५ देखि ४२ प्रतिशत फाइलहरु निरीक्षण गरेको थियो ।

निरीक्षणका क्रमममा उसले कम्तिमा ३०० देखि २ हजार ५०० वटासम्म फाइल हेरेको थियो । सबैभन्दा बढी फाइल एनआइसी एसियाको हेरिएको थियो । एनआइसीले साना आकारका ऋणहरु धेरै लगानी गरेका कारण उसको फाइल ठूलो संख्यामा हेरिएको हो ।

अध्ययनका क्रममा खराब ऋण अनुपात न्यूनतम ४ प्रतिशत देखिएको छ भने अधिकतम ११ प्रतिशत देखिएको छ । होवलदार युनुसले आफ्नो लेखापरीक्षणको पूर्ण प्रतिवेदन नेपाल राष्ट्र बैंकलाई बुझाइसकेको छ ।

राष्ट्र बैंकको व्यवस्थापन समितिमा पनि यसका बारेमा ब्रिफिङ भइसकेको छ । समितिले सम्बन्धित बैंकहरुलाई प्रतिवेदन पठाउने र उनीहरुको राय माग्ने निर्णय गरिसकेको छ । केही दिनमै फाइलहरु सम्बन्धित बैंकलाई पठाइनेछ । बैंकहरुबाट त्यसको प्रष्टिकरण आएपछि प्रतिवेदन संचालक समितिमा




लगिने छ । समितिले त्यसलाई पारित गरेपछि प्रतिवेदन कार्यान्वयनमा जानेछ ।

होवलदार युनुसले नबिल, एनआइसी एसिया, नेपाल इन्भेष्टमेन्ट मेगा, प्रभु, कुमारी, लक्ष्मी सनराइज, हिमालयन, ग्लोबल आइएमई, एनएमबि र राष्ट्रिय वाणिज्य बैंकको लेखा परीक्षण गरेको थियो । लेखा परिक्षण गत चैतको तथ्यांकका आधारमा गरिएको थियो । त्यसबेला ५.५ प्रतिशत रहेको औसत खराब कर्जा अनुपात होवलदार युनुसको लेखापरीक्षणका क्रममा ७.७ प्रतिशत देखिएको हो ।

'हामीलाई पूर्ण प्रतिवेदन प्राप्त भइसकेको छ । त्यसमा प्रणालीलाई जोखिम हुने खालको ठूलो कैफियत केही पनि देखिएन,' राष्ट्र बैंकका प्रवक्ता गुरु पौडेलले बिजमाण्डूसँग भने, 'हामीले असल अभ्यास अनुसारकै नीति निर्माण गरेर कार्यान्वयनमा ल्याएका थियौं । यसको बाहिरी लेखापरीक्षण मात्र हुन बाँकी थियो ।

खेलकुद

## आर्यंश शर्मा र सोहैब खानको उत्कृष्ट प्रदर्शन



काठमाडौं- दिल्लीमा भएको प्रतिस्पर्धात्मक खेलमा आर्यंश शर्मा र सोहैब खानको उत्कृष्ट प्रदर्शनको मद्दतले संयुक्त अरब इमिरेट्स (युएई) ले क्यानडालाई आइसिसी टी(२०) विश्वकप २०२६ मा ५ विकेटले हराएको छ।

जुनैद सिद्दीकीको ५ विकेटको मद्दतले क्यानडालाई १५० रनमा रोकेको युएईले १९.४ ओभरमा ५ विकेट गुमाएर लक्ष्य पूरा गर्‍यो ।लक्ष्य पछ्याउने क्रममा युएईको सुरुवात निकै खराब थियो । एक समय युएई ६६ रनमा ४ विकेट गुमाएर दबाबमा थियो ।

तर, आर्यंश शर्मा र सोहैब खानले ८४ रनको महत्वपूर्ण साझेदारी गर्दै टोलीलाई जितको नजिक पुर्‍याए ।अन्तिम ४ ओभरमा युएईलाई जितका लागि ५६ रन आवश्यक थियो । यस्तो कठिन अवस्थामा सोहैब खानले आक्रामक ब्याटिङ गर्दै खेलको पासा पल्टाए ।

उनले डिलन हेलिगर र जस्करनदीप सिंहका ओभरहरूमा लगातार छक्का र चौका प्रहार गरे । सोहैबले मात्र २८ बलमा ५१ रन बनाए । अन्तिम ओभरमा ८ रन चाहिएको बेला आर्यंश शर्माले पहिलो बलमै छक्का प्रहार गरेर जित सुनिश्चित गरे । आर्यंश ७४ रनमा अविजित रहे ।

क्यानडाका बायाँ हाते स्पिनर साद बिन जफरले घातक बलिङ गर्दै युएईलाई संकटमा पारेका थिए । उनले ४ ओभरमा मात्र १४ रन दिएर ३ महत्वपूर्ण विकेट लिए । उनले मयंक कुमार र हर्षित कौशिक जस्ता ब्याटरलाई आउट गरेर क्यानडालाई खेलमा बलियो स्थितिमा पुर्‍याएका थिए, तर अन्त्यमा सोहैबको विष्फोटक ब्याटिङसामु क्यानडाका बलरहरू टिक्न सकेनन् ।

यसअघि टस हारेर पहिले ब्याटिङ गरेको क्यानडाका लागि हर्ष ठाकरले ५० रन र नवनीत धालीवालले ३४ रनको योगदान दिएका थिए । युएईका मध्यम गतिका बलर जुनैद सिद्दीकी क्यानडाका लागि घातक सावित भए ।

उनले उत्कृष्ट बलिङ गर्दै ५ विकेट लिए, जुन उनको टी(२०) अन्तर्राष्ट्रिय करियरको पहिलो ुफाइभ विकेट हलु ९एकै खेलमा ५ विकेट० हो । उनले सुरुवाती ओभरमा विकेट लिनुका साथै अन्तिम ओभरमा पनि क्यानडाका ब्याटरहरूलाई रोकेर राखेका थिए । यो जित युएईका लागि प्रतियोगितामा दोस्रो जित हो । यसअघि उनीहरूले २०२२ को टी(२०) विश्वकपमा नामिबियालाई हराएका थिए ।

# धनकुटाका स्वतन्त्र उम्मेदवार तामाङसँग लिखित स्पष्टीकरण माग



धनकुटा- प्रतिनिधि सभा सदस्य निर्वाचनमा धनकुटाबाट स्वतन्त्रतर्फ उम्मेदवारी दिएका लाक्पा तामाङसँग मुख्य निर्वाचन अधिकृतको कार्यालयले लिखित स्पष्टीकरण माग गरेको छ ।

सामाजिक सञ्जालमार्फत सार्वजनिक भएको तामाङको अभिव्यक्तिलाई लिएर उजुरी परेपछि कार्यालयले सो विषयमा प्रक्रिया अघि बढाएको हो । मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार तामाङले सामाजिक सञ्जालमा सार्वजनिक गरेको अभिव्यक्तिमा नेकपा (एमाले) का तर्फबाट प्रतिनिधि सभा सदस्य उम्मेदवार तथा पूर्वमन्त्री राजेन्द्र कुमार राईले मतदातालाई पैसा बाँडेको आरोप लगाइएको थियो ।

सो अभिव्यक्तिलाई आपत्तिजनक ठहर गर्दै नेकपा एमाले धनकुटाले निर्वाचन अधिकृतको कार्यालयमा औपचारिक उजुरी दर्ता गराएको थियो ।

उ ज ु र ी म ा एमालेका उम्मेदवारविरुद्ध सामाजिक सञ्जालमार्फत गलत फोन नम्बर र गलत व्यक्तिलाई लक्षित गरी भिडियो तथा अडियो सामग्री सार्वजनिक गरिएको उल्लेख गरिएको छ। ती सामग्रीमा व्यक्तिगत गालीगलौज, चरित्रहत्या तथा मानहानि हुने किसिमका अभिव्यक्ति प्रयोग गरिएको र बदनियतपूर्वक हल्ला फैलाएर निर्वाचनलाई प्रभावित पार्ने प्रयास गरिएको आरोप लगाइएको छ ।

तामाङले धनकुटा मुगाका भुपाल थापालाई एमाले उम्मेदवार राईले एक भोटको १० हजार रुपैयाँ दिएको भन्दै सामाजिक सञ्जालमा फोन रेर्कड अडियोलाई भिडियो बनाएर सार्वजनिक गरेका थिए ।

उजुरी दर्ता भएपछि मुख्य निर्वाचन अधिकृतको कार्यालयले उक्त निवेदनमाथि समितिमार्फत छलफल अघि बढाइरहेको जनाएको छ । सोही क्रममा विवादित गतिविधिमा स्वतन्त्र उम्मेदवार तामाङको संलग्नता के कस्तो रहेको हो भन्ने विषय यकिन गर्न कार्यालयले लिखित प्रतिक्रिया माग गरेको सहायक निर्वाचन अधिकृत तथा सूचना अधिकारी इन्द्रकुमार योङहाङले जानकारी दिए ।

कार्यालयले पठाएको पत्रमा "यस विषयमा के कसो भएको हो?" भनी स्पष्ट प्रश्न गर्दै लिखित जवाफ पेश गर्न अनुरोध गरिएको छ । प्राप्त जवाफको आधारमा आवश्यक निर्णय तथा थप कारबाही प्रक्रिया अघि बढाइने कार्यालयको भनाइ छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन आचारसंहिता सबै उम्मेदवार र राजनीतिक दलका लागि समान रूपमा लागू हुने स्पष्ट गर्दै सामाजिक सञ्जालको दुरुपयोग, भ्रामक प्रचार, व्यक्तिगत आरोप-प्रत्यारोप तथा मानहानी हुने गतिविधिले निर्वाचनको स्वच्छता, निष्पक्षता र विश्वसनीयतामा गम्भीर असर पार्ने चेतावनी दिएको छ । यदि उजुरी पुष्टि भएमा प्रचलित कानुनअनुसार थप कारबाही अघि बढाइने पनि कार्यालयले जनाएको छ ।

# सामाजिक सञ्जाल विधेयक राष्ट्रिय सभाबाट फिर्ता



काठमाडौं । राष्ट्रिय सभा बैठकबाट सामाजिक सञ्जाल विधेयक २०८१ फिर्ता भएको छ ।

सोमबार बसेको राष्ट्रियसभा बैठकले सामाजिक सञ्जाल विधेयक फिर्ता गर्ने निर्णयलाई सर्वसम्मतिले पारित गरेको हो ।


बैठकमा राष्ट्रियसभा अध्यक्ष नारायण दाहालले उक्त विधेयक फिर्ता गर्ने निर्णयलाई निर्णयार्थ प्रस्तुत गर्नुभएको थियो भने बैठकले उक्त प्रस्तावलाई सर्वसम्मत रुपमा पारित गरेको हो ।

यसअघि माघ २३ गते बसेको राष्ट्रियसभा बैठकमा प्रधानमन्त्रीका तर्फबाट कानूनमन्त्री अनिल सिन्हाले उक्त विधेयक फिर्ता गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका हुन् ।

बैठकले पर्यटन विधेयक २०८१ लाई पारित गरेको छ । त्यसअघि बैठकको प्रारम्भमा राष्ट्रिय सभामा ६ वर्षे कार्यकाल सकिन लागेका सदस्यहरुले यस अवधिमा आफूले गरेका काम र अनुभव राखेका थिए ।

बैठकले राष्ट्रियसभाका पूर्व सदस्य शुक्रराज संयोकको निधनमा शोक प्रस्ताव समेत पारित गरेको छ। राष्ट्रियसभाको अर्को बैठक माघ २८ गते बुधबार बोलाइएको छ ।

## जाँदाजाँदै डा.बेदुराम भुसालले भने - राष्ट्रिय सभा प्रतिनिधि सभाको छाया नबनोस्



काठमाडौं । राष्ट्रिय सभा सदस्य डा. बेदुराम भुसालले आगामी दिनमा राष्ट्रिय सभा प्रतिनिधि सभाको प्रति छाया जस्तो नबनोस् भन्ने कामना गरेका छन् ।

सोमबार राष्ट्रिय सभामा बिदाइ सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । 'यो सभा प्रतिनिधिसभाको प्रति छाया जस्तो नबी छुट्टै पहिचानसहितको प्रबुद्ध सभाको रुपमा काम गर्ने सभा बनिरहोस्', उनले भने ।

डा. भुसाल २०७६ माघमा राष्ट्रिय सभा सदस्यमा निर्वाचित भएका थिए । विगत ६ वर्षमा राष्ट्रिय सभामा रहेर आफूले कानुन निर्माणमा सक्दो भूमिका खेलेको बताए ।

समयमै सभाको बैठक राख्ने, समय तालिका नै बनाएर काम गर्ने, कानुनको कार्यान्वयन मूल्यांकन गर्ने लगायतका सकारात्मक काम हुँदै आएको भनेर उनले यसले आगामी दिनमा समेत निरन्तरता पाउन सक्नुपर्ने बताएका छन् ।

'कानुन निर्माणमा सकारात्मक काम भएका छन् । विभिन्न मानकहरू स्थापित भएका छन्', उनले भने, 'कर्मचारीतन्त्रमा पुरानै ढाँचालाई निरन्तरता दिने प्रवृति छ । यसलाई नकारात्मक रुपमा लिएको छु ।'

# शिशु मृत्युदर सुदूरपश्चिममा अधिक, बागमतीमा कम




काठमाडौं । नेपालमा नवजात शिशु, शिशु र बाल मृत्युदर सुदूरपश्चिम प्रदेशमा अधिक रहेको पाइएको छ ।

राष्ट्रिय तथ्यांक कार्यालयले सोमबार सार्वजनिक गरेको चौथो नेपाल बहुसूचक सर्वेक्षण २०८१/८२ को नतिजा अनुसार प्रादेशिक रुपमा सबैभन्दा बढी शिशु मृत्युदर सुदूरपश्चिममा भएको पाइएको छ ।

सर्वेक्षण अनुसार नेपालमा हरेक एक हजार जीवित जन्मेका शिशुमध्ये एक वर्ष नपुग्दै २७ शिशुको मृत्यु हुने गरेको छ । प्रतिहजार जीवित जन्ममा पाँच वर्षमुनिका ३१ जनाको मृत्यु हुने गरेको तथ्यांकले देखाएको छ । साथै प्रत्येक एक हजार जीवित जन्ममा एक महिनाभित्र १७ नवजात शिशुको मृत्यु हुने गरेको सर्वेक्षणबाट देखिएको छ ।

यसमध्ये नवजात शिशु मृत्युदर सुदूरपश्चिम प्रदेशमा एक हजार जीवित जन्ममा २६ जना रहेको छ। बागमतीमा १० रहेको छ । शिशु मृत्युदरसमेत सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी प्रतिहजारमा ३८ रहेको छ । सबैभन्दा कम बागमतीमा १७ छ। पाँच वर्ष मुनीका बालबालिकाको बालमृत्युमा समेत सबैभन्दा धेरै सुदूरपश्चिममा प्रतिहजार ४८ जना रहेको छ। सबैभन्दा कम गण्डकीमा प्रतिहजार २० जना रहेको देखिएको कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार नेपालमा महिला तथा बालबालिकाको अवस्थाबारे राष्ट्रिय तथा क्षेत्रीय स्तरको अनुगमन मूल्यांकन, योजना तर्जुमा गर्न र स्तरीय एवम: तुलनायोग्य सूचक उपलब्ध गराउने उद्देश्यले नेपाल बहुसूचक सर्वेक्षण गरिएको हो ।

यस सर्वेक्षणमा तथ्यांक संकलन गर्न नेपालभर ५४० क्लष्टर (गणना क्षेत्र)मध्ये शहरी क्षेत्रबाट ३०४ र ग्रामीण क्षेत्रबाट २३६ क्लष्टर छानिएको थियो । हरेक क्लष्टरबाट २४ परिवार छनोट गरी तथ्यांक संकलन गरिएको थियो । यसरी छानिएका १२ हजार ९६० परिवारबाट पारिवारिक विवरण संकलन गरिएको थियो ।

दीगो विकास लक्ष्य अनुसार विश्वव्यापी रुपमा नवजात शिशु मृत्युदर प्रतिहजारमा १२ वा सो भन्दा कममा झार्ने उद्देश्य लिइएको छ । ५ वर्ष मुनीको बालमृत्युदर प्रतिहजार जीवित जन्ममा २५ वा सो भन्दा कममा झार्ने लक्ष्य रहेको छ ।

सर्वेक्षणको नतिजा अनुसार एक महिनाभित्रका नवजात शिशुको मृत्युदर शहरमा प्रतिहजार १६ र ग्रामीण भेगमा प्रतिहजार जीवित जन्ममा १९ रहेको छ । जुन एक वर्षमुनिका शिशुको हकमा शहरमा २६ र ग्रामीण भेगमा २७ जना रहेको छ । यो दर पाँच वर्षमुनिका बालबालिकाको हकमा हेर्दा शहरमा ३१ र ग्रामीण भेगमा ३० जना रहेको छ ।

उता, बालक र बालिका अनुसार हेर्दा नवजात, शिशु र बालबालिका सबैमा बालकको मृत्युदुर माथि छ । हरेक १ हजार जीवित जन्ममा एक महिना भित्रका १८ बालकको मृत्यु भएको देखिन्छ । बालिकाको दर प्रतिहजार जीवित जन्मा १५ रहेको छ । शिशुको हकमा प्रतिहजार जीवित जन्ममा बालक २७ र बालिका २६ को मृत्यु हुने गरेको छ । पाँच वर्षमुनिको हकमा बालक ३१ र बालिकाको मृत्युदुर प्रतिहजार जीवित जन्ममा ३० रहेको छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- २८,
२०८२ साल माघ २७ गते मंगलबार
10 FEBRUARY 2026, TUESDAY

# एआईको दुरुपयोग रोक्न नेपाल प्रहरीले छुट्टै सेल गठन गर्छ : आईजीपी कार्की

काठमाडौं । प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले नेपाल प्रहरीले एआई तथा एड्भान्स एनालेटिक सेल गठन गर्न लागेको बताएका छन् ।

सूचना प्रविधिको दुरुपयोग गरेर झुटा सामग्रीहरू प्रशारण गर्ने कामले बढवा पाएकाले त्यस्ता गतिविधिलाई निगरानी गर्न र कानूनी उपचारका लागि पनि नेपाल प्रहरीले सो सेवा गठन गर्न लागेको उनको भनाइ छ ।

सोमवार काठमाडौंमा आयोजित अपराध अनुसन्धान र शान्ति सुरक्षामा सञ्चार माध्यमको भूमिका विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले छिटो सूचना दिने प्रतिस्पर्धा र होडबाजीका कारण मुलुकमा



झुटा र गलत समाचारले बढवा पाइरहनु चिन्ताको विषय भएको बताए । 'आजको डिजिटल युगमा सबभन्दा छिटो सूचना दिने प्रतिस्पर्धा र होडबाजीका कारण मिस इन्फरमेशन हुने, इरादा फरक भएर डिसइन्फरमेशन हुने, हेट स्पिज एआईको दुरुपयोग तथा डिजिटल म्यानुपुलेशनबाट सृर्जित झुटा सामग्रीले बढवा पाइरहनु हामी सबैका लागि साझा चिन्ताको विषय हो । कानून कार्यान्वयन नै कानूनी शासनको आधार हुने हुँदा कटपेष्ट, कपीपेष्ट को यान्त्रिकतामा सृजनशीलताको शुन्यता हुन्छ,' उनले भने ।

प्रहरी महानिरीक्षक कार्कीले राष्ट्रिय सुरक्षाको मर्मलाई सञचारकर्मीहरूले आफ्नो धर्मको रुपमा आत्मासात गर्न जरुरी रहेको पनि बताए ।

'राष्ट्रिय सुरक्षाको मर्मलाई सञ्चारकर्मीहरूको धर्मको रुपमा आत्मसात हुनका लागि पनि यो आजको अन्तरक्रियात्मक कार्यक्रमले एउटा मार्गदर्शन तयार गर्नेछ भन्ने हाम्रो स्वभाविक अपेक्षा छ,' आईजीपी कार्कीले भने, 'यस किसिमका गतिविधि, निगरानी र कानूनी उपचारका लागि नेपाल प्रहरीले पनि अव एउटा एआई र एडभान्स एनालेटिक सेल बनाएर काम गर्नु पर्छ भन्ने तर्फको निचोडमा हामी पुग्ने अवस्थामा छौं ।'

# नेपालमा भूराजनीतिक चलखेल भइरहेको छ : प्रचण्ड

२६ माघ, काठमाडौं । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल प्रचण्डले लोकतन्त्रमाथि प्रहार गर्ने विश्व प्रतिक्रियावादको भूराजनीतिक चलखेल नेपालमा पनि देखिएको बताएका छन् ।

सोमबार काठमाडौं क्षेत्रम्बर ५ मा पार्टी प्रवेश कार्यक्रममा प्रचण्डले सामाजिक सञ्जालमा स्टन्ट गरेकै भरमा विश्व साम्राज्यवादले विभिन्न देशमा भूराजनीतिक चलखेल गर्ने गरेको र त्यसको प्रभाव नेपालमा पनि देखिएको बताएका हुन् ।

विचार, राजनीति, सिद्धान्त, इतिहास, विरासत नभएकाहरु सामाजिक सञ्जालका भरमा लोकप्रिय हुन खोजेको उनको भनाइ छ । यस्ता प्रवृत्तिको प्रतिबाद गर्नका लागि पनि एउटा नयाँ संकल्प, नयाँ समीक्षासहित फेरि राष्ट्रको निम्ति र जनताको निम्ति समर्पित रूपले लाग्ने तागत चाहिएको प्रचण्डले बताए । उनले त्यही तागत सृष्टि गर्ने उद्देश्यले नै नेपाली कम्युनिस्ट पार्टी निर्माण गर्दै अगाडि बढेको उल्लेख गरे । संयोजक प्रचण्डले विकास निर्माण, सुशासन, भ्रष्टाचारका विरुद्ध, सामाजिक विभेदका विरुद्ध, सामाजिक न्यायका पक्षमा र आर्थिक विकास र समृद्धिको उत्पादन र रोजगारी सृष्टि गर्ने लगाएत नेकपाले अघि सारेका नीति, योजना र कार्यक्रमले जनतामा फेरि एकचोटि आशा र भरोसा बढ्दै गएको दावी गरे । उनले अहिलेको जमाना सामाजिक सन्जाल र सूचना प्रविधिको भएपनि घर-घरमा गएर जनतालाई प्रत्यक्ष बुझाउने तरिका जस्तो प्रभावकारी अरू नहुने धारणा



राखे । अहिले नयाँ विचार, सबभन्दा नयाँ राजनीति एजेन्डा भएको पार्टी नेकपा मात्रै भएको उनको भनाइ छ । कार्यक्रममा एमाले खेलकुद विभाग सदस्य रेनुका श्रेष्ठ, बैंकर विमला ज्ञवाली, अधिवक्ता सविना वाग्ले, नेकपा बहुमत निकट क्रान्तिकारी पत्रकार संघका केन्द्रीय संयोजक जीवन हमाललगायत नेपाली कम्युनिस्टमा प्रवेश गरेका प्रचण्डको सचिवालयले जनाएको छ ।

## अन्तराष्ट्रिय

# जापानमा ताकाइची नेतृत्वको एलडीपीको ऐतिहासिक जीत, ट्रम्प उत्साहित, चीन सतर्क



काठमाडौं- जापानमा प्रधानमन्त्री साने ताकाइचीको लिबरल डेमोक्रेटिक पार्टी ९एलडिपी० दुई तिहाई सिटसहित विजयी भएको छ ।आइतबारको चुनावमा एलडीपीले ४६५ सिटमध्ये ३१६ सिट जित्यो ।

जापानमा तल्लो सदनमा कुनै दलले दोस्रो विश्वयुद्धपछि यति धेरै सिट ल्याएको यो पहिलोपटक हो ।त्यसैगरी, एलडीपीको गठबन्धनमा रहेको जापान इनोभेसन पार्टीले ३६ निर्वाचन क्षेत्रहरूमा विजय हासिल गरेको छ । यससँगै सत्तारुढ गठबन्धन कुल ३५२ सिटमा विजयी भयो ।

जापानमा वृद्धवृद्धादेखि युवासम्मले उनलाई रुचाएको पाइयो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ताकाइचीलाई बधाई दिएका छन् ।

उनले यसअघि निर्वाचनताका खुलेरै ताकाइचीलाई समर्थन गरेका थिए । 'उनी निकै लोकप्रिय र सम्मानित नेतृ हुन् । उनी र उनको गठबन्धनलाई चुनावका दौरान समर्थन गर्न पाउनु सम्मानको विषय हो,' ट्रम्पले सामाजिक सञ्जालमा लेखेका छन्, 'यस्तो लगावका साथ भोट खसाल्ने जापानका मानिसहरुप्रति सधैं मेरो बलियो समर्थन रहनेछ ।'

ताकाइचीसँग आफ्ना वाचा पुरा गर्नका लागि माथिल्लो सदनमा आवश्यक दुई-तिहाई मत छैन । माथिल्लो सदनमा २ सय ४८ सदस्यमध्ये एलडिपीको १ सय १ र जापान इनोभेशन पार्टीको १९ गरेर सत्ता गठबन्धनको कुल १ सय २० मतमात्रै छ । त्यहीकारण तत्काल संविधान संशोधन सहज छैन ।

१.जापानमा साने ताकाइची नेतृत्वको लिबरल डेमोक्रेटिक पार्टीले ऐतिहासिक बहुमतसहित चुनाव जितेपछि अमेरिकी राष्ट्रपति ट्रम्पले खुसी व्यक्त गरेका छन् भने चीनले सतर्कता अपनाएको छ ।

२.ताकाइचीले संविधान संशोधन, रक्षा खर्च वृद्धि र जापानको सुरक्षा नीति कडा बनाउने प्रतिबद्धता जनाएकी छिन्, जसले स्वदेश तथा विदेशमा बहस र चिन्ता उत्पन्न गरेको छ ।

३.आर्थिक सुधार, कर कटौती र जनजीवनमा राहत दिने वाचा गरेकी ताकाइचीलाई कमजोर अर्थतन्त्र र बढ्दो ऋणको चुनौती छ, भने छिमेकी मुलुकहरूले उनको आक्रामक एजेन्डालाई नजिकबाट हेरिरहेका छन् ।

**खेलकुद आयोजना**...

गर्ने र नयाँ स्टेडियम तथा फुटबल मैदानहरु नेपालको सवैभन्दा लोकप्रीय भलिबल जस्ता थुप्रै खेलकुदका अन्तराष्ट्रियस्तरका खेलकुद सम्बन्धि सरचना तयार गरेर अन्तराष्ट्रियस्तरका खेलकुदका आयोजना गरी नेपाललाई खेलकुद क्षेत्रवाट पनि विश्वमा चिनाउन र विकासको नमुना देखाउन सकिन्छ ।

यस्ता बनाउन सकिने आधारहरुलाई प्रथामिकतामा राखेर काम थाल्नुपर्ने देखिन्छ । नेपालमा सरकारले गर्नुपर्ने काम चर्चित हास्य कलाकार सिताराम कट्टेल (र्घुमुस र सुन्तली ) फाउडेशले गौतमबुद्ध कृक्रेट स्टेडियम बनाउन कोशिस गरे पछि बिचमा विवाद बीच हाल चितवनको भरतपुरमा उक्त स्टेडियम निर्माणकै क्रममा सरकारले अपनत्व लिएर काम गरिरहेको छ । यस्ता राष्ट्रको गौरव मात्र नभईकन नेपाली खेलप्रेमीहरुको लागि उत्साह, देशका नागरिकहरुको लागि भावनात्मक रुपमा देशभक्ति भावना जागृत र अन्तराष्ट्रियस्तरमा नेपालको कला, संस्कृति, परम्परा देशको परिचय बढानको साथै प्रतिष्ठा समेत उजागार गर्ने अवसर हुन्छ । त्यसको साथसाथै आर्थिक उन्नति त हुने नै भयो । यस्ता महत्वपूर्ण काम गर्न सवै नेपालीको चेत फिर्नु पर्‍यो ।

पुरानै तरिकाले कछुवा गतिमा निर्माणका काम हुने र विवाद निकालेर खेलकुदका आयोजना रोक्ने काम बन्द गरिनुपर्छ र खेलकुद क्षेत्रमा भईरहेका सवै खालका बिकृतिलाई सदाको लागि अन्त्य गर्न सक्नुपर्छ ।

**भ्रष्टाचार नियन्त्रण** ...

लक्ष्य हासिल गर्न भ्रष्टाचार नियन्त्रण पहिलो र अनिवार्य सर्त हो । समाजमा न्याय र सुरक्षाको न्यूनतम मापदण्ड पनि भ्रष्टाचारविहीन अवस्थामा प्रत्याभूत हुन्छ,' प्रधानमन्त्री कार्कीले भनिन् ।

त्यसैले नै हरेक राष्ट्रले भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिने उनले बताइन् । 'हाम्रो देशमा पनि संविधानमा नै अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्तो निकायको व्यवस्था गरेको छ,' प्रधानमन्त्री कार्कीले भनिन्,' यसले गर्ने कारबाहीका कारण प्रत्येक कर्मचारी र राष्ट्रसेवक पदाधिकारी एक प्रकारको डर अवश्य पैदा भएको छ ।'

नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिबद्धताअनुरूप भ्रष्टाचारविरुद्धको दोस्रो रणनीतिक योजना निर्माणको अन्तिम चरणमा पुगेको पनि प्रधानमन्त्री कार्कीले जानकारी दिइन् । भ्रष्टाचार सम्बन्धी सुनुवाइका लागि विशिष्टकृत प्रकारको विशेष अदालत पनि नेपालमा रहेको उनले स्मरण गराइन् । 'भ्रष्टाचार नियन्त्रण गर्न हामीकहाँ पर्याप्त संरचना छन् । पर्याप्त कानुनी र नीतिगत व्यवस्था छन्,' उनले भनिन् । तर हामीकहाँ किन भ्रष्टाचार कम भइरहेको छैन भन्ने कुरा चिन्ताजनक रहेको उनले बताइन् ।

जेनजी आन्दोलनको म्यान्डेट स्मरण गर्दै प्रधानमन्त्री कार्कीले भ्रष्टाचार नियन्त्रणको प्रमुख जिम्मेवारी सरकार र कार्यकारी अंगकै हुने पनि बताइन् ।

**राष्ट्रपति पौडेल** ...

उनले नेपाल र संयुक्त अधिराज्यबीच सदियौँदेखि घनिष्ठ सम्बन्ध रही आएको उल्लेख गर्दै एक महत्त्वपूर्ण विकास साझेदारसमेत रहेको संयुक्त अधिराज्यले नेपालको विकासमा निरन्तर पुऱ्याउँदै आएकोप्रति म धन्यवाद व्यक्त गरे । उनले ब्रिटिस गोर्खाले आफ्नो प्रशंसनीय कार्यहरूको माध्यमबाट नेपाल र बेलायतबीच द्विपक्षीय सम्बन्ध थप मजबुत बनाएकोमा खुसी व्यक्त गर्दै संयुक्त अधिराज्यमा नेपालीको उपस्थितिले दुई देशबीच रहीआएको जनस्तरको सम्बन्ध थप सुदृढीकरण आफूहरूको ठम्याइ रहेको उल्लेख गरेको राष्ट्रपतिको स्वकीय सचिवालयले जनाएको छ ।

उनले पूर्वब्रिटिश गोर्खाका केही जायज गुनासाहरू सम्बोधन गर्न कूटनीतिक तहमा छलफल भइरहेको र यो विषय द्विपक्षीय संयन्त्रको माध्यमबाट छिट्टै टुङ्गोमा पुऱ्याउन उचित हुने आफूलाई लागेको बताए ।

राष्ट्रपति गोर्खा ब्रिग्रेडको सन् २०२५ को वार्षिक प्रतिवेदन प्रस्तुत गरेकोमा संयुक्त अधिराज्य सरकारलाई धन्यवाद व्यक्त गर्दै प्रतिवेदन उपर सम्बन्धित निकायहरूले आवश्यक अध्ययन गर्ने बताए ।

सो अवसरमा बेलायती सेनाका मेजर जेनरल जेरल्ड एम स्ट्रिकलेण्डले ब्रिटिश गोर्खा सेना सधैँ अग्रपंक्तिमा रहेको बताउँदै प्रशंसा गरे । ब्रिटिश गोर्खामा भर्ना भएका युवाहरूलाई तपाईंहरू नेपालका छोरा, छोरी हो भनेर आफूले सम्झाउने गरेको बताउँदै बेलायती जनताले गोर्खा नेपालीहरूप्रति मायाँ र सम्मान प्रकट गर्ने गरेको उल्लेख गरे ।

प्रतिवेदन प्रस्तुत गर्ने कार्यक्रममा नेपालस्थित बेलायती राजदूत रव फेनको पनि उपस्थिति थियो ।

**सौर्य एयरलाइन्स** ...

प्राधिकरणबाट सञ्चालन अनुमति पाएको हो । ५० सिट क्षमताका सिआरजे-२०० सिरिजका तीन विमानले उडान अनुमति पाएको हो । अहिले हामी काठमाडौं-भद्रपुर-विराटनगर उडान गर्छौं, खनालले भने,नेपालगञ्ज र मानसरोवरमा पनि उडान गर्ने योजना छ ।

कम्पनीले थप तीन वटा नयाँ एटिआर-६०० जहाज पनि किन्ने योजना बनाएको खनालले जानकारी दिए । उडानका लागि सुरक्षा अडिट, तालिम, दस्तावेज सुधार तथा डिजिटल प्रणाली सम्बन्धी आवश्यक काम पूरा भइसकेको उनले बताए ।

सौर्य एयरलाइन्सले नियामक निकायको मापदण्डअनुसार फ्लाइट सेफ्टी अडिट ९एसएमएस० मा ६५ प्रतिशत अंक प्राप्त गरेको छ । सामान्यतया एसएमएसमा ६० प्रतिशतभन्दा बढी अंक प्राप्त गर्नं राम्रो मानिन्छ ।

**तामाकोशी बस**...

नगरपालिका-६ स्थित त्रिवेणी पुल नजिकैबाट तामाकोशी नदीमा खसेको थियो । दुर्घटनामा १२ जनाको घटनास्थलमै मृत्यु भएको थियो, भने आठ जना घाइते भएका थिए । बसमा सवार तीन जना बेपत्ता भएका थिए । बेपत्ता हुनेमा रामेछाप, मन्थली नगरपालिका(२ पिप्लेका ९ वर्षीय वक्रिचन तामाङ, लिखु तामाकोशी गाउँपालिका-७ तिल्पुङका ८ वर्षीय रोनिश तामाङ र उमाकुण्ड गाउँपालिका-६ गुप्तेश्वरका २४ वर्षीय विशाल सुनुवार छन् ।

बेपत्ता भएकाहरूको खोजी कार्य तीव्र रूपमा भइरहेको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रमुख भोला भट्टले जानकारी दिए ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# चौथो राष्ट्रिय एक्टिभ म्युजिक अवार्ड २०८२ मा सर्जक, कलाकार र सञ्चारकर्मी सम्मानित

काठमाडौं । चौथो राष्ट्रिय एक्टिभ म्युजिक अवार्ड-२०८२ भव्य कार्यक्रमका बीच सम्पन्न भएको छ । कार्यक्रममा विभिन्न विधामा योगदान पुर्याएका कलाकार, सर्जक, सञ्चारकर्मी तथा समाजसेवीलाई सम्मान र अवार्ड प्रदान गरिएको थियो ।

कार्यक्रमको सञ्चालन दीपेन्द्र शेन शाहीले गरेका थिए भने सभापतित्व सर्जक, कलाकार, मोडल तथा एक्टिभ म्युजिक प्रा ।लि ।का प्रवन्ध निर्देशक बिजेन्द्र नौबागेले गरेका थिए । प्रमुख अतिथिका रूपमा पूर्व मन्त्री पर्शराम वाईबा तामाङ उपस्थित थिए ।

कार्यक्रममा बिरुवा गाउँपालिका अध्यक्ष सूर्य कुँवर, बिरुवा गाउँपालिका वडा नं ६ का वडा अध्यक्ष कृष्ण बहादुर क्षेत्री,वरिष्ठ अधिवक्ता तथा कलाकार कृष्णप्रसाद ढुंगाना, मुक्तिनाथ विकास बैंकका कम्पनी सचिव डन्डपानी ढकाललगायत विशिष्ट अतिथिको उपस्थिति रहेको थियो ।

कार्यक्रमा गीतकार देवेन्द्र शारु मगर, पत्रकार मोहन कार्की, पत्रकार सुमन श्री पौडेल,माईण्ड प्लसका प्रवन्ध निर्देशक नवीन पल्लव लगायत विशेष अतिथि तथा गीत,संगीत क्षेत्रमा लागेका कलाकार हरूको उल्लेखनीय सहभागिता थियो ।




कार्यक्रममा निर्णायकको भुमिका माधव भण्डारी ९वरिष्ठ लोक तथा दोहोरी गायक (,संचिता शाही) मोडल ,मदन नेपाली (सुफिक्स) संगीतकार ,सामना शाह (गीतकार),पर्वतराज घिमिरे (संचारकर्मी) रहेका थिए ।

सभापति बिजेन्द्र नौबागेले स्वागत मन्तव्य व्यक्त गर्दै कला, संगीत र सर्जनशीलताको सम्मानका लागि यस्ता कार्यक्रमले सकारात्मक ऊर्जा प्रदान गर्ने बताए । प्रमुख अतिथि पर्शराम वाईबा तामाङले पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको औपचारिक उद्धाटन गरेका थिए ।

उद्धाटनपछि 'म त नेपाली' बोलको स्वदेशगानमा त्रिशक्ति कला केन्द्रका कलाकारहरूले आकर्षक स्वागत नृत्य प्रस्तुत गरेका थिए । त्यसपछि विभिन्न चरणमा सम्मान तथा अवार्ड वितरण कार्यक्रम अघि बढाइएको थियो । आधुनिक गायक सीडी विजय अधिकारी र नृत्य निर्देशक दिपेश एस के लगायतका कलाकारहरूको सांगीतिक प्रस्तुति र नृत्यले कार्यक्रमलाई थप रङ्गीन बनाएको थियो ।

कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तित्वलाई कला सम्मान प्रदान गरिएको थियो । संगीत साधक सम्मान-२०८२ वरिष्ठ गीतकार तथा संगीतकार राजकुमार बगर, पत्रकार सम्मान-२०८२ सानुकाजी श्रेष्ठ, सदावहार गायिका सम्मान-२०८२ शर्मिला गुरुङ, दशक सम्मान-२०८२ शिव हमाल, सञ्चारकर्मी सम्मान-२०८२ डी.बी. पराजुली, छायाँकार सम्मान-२०८२ केशव अधिकारी, खेलाडी सम्मान-२०८२ संजोक परियार, पत्रकार सम्मान-२०८२ शंकर रोका, समाजसेवी सम्मान-२०८२ यमबहादुर जी ।सी । र नवराज शर्मा, निर्देशक सम्मान-२०८२ दिनेश डाँगी, संगीत संयोजन सम्मान-२०८२ सुनिल परियार, कोरियोग्राफर सम्मान-२०८२ दीपेश एस ।के ।, भिडियो सम्पादन सम्मान-२०८२ ईनिस बुढाथोकी, सञ्चारकर्मी सम्मान-२०८२ विनोद नेपाली, कला सम्मान-२०८२ विनोद कार्की, बालकलाकार आरिया शाही र मन्जली तामाङ तथा समाजसेवी कृष्णबहादुर विकलाई सम्मान प्रदान गरिएको थियो

त्यसैगरी विभिन्न विधामा अवार्ड वितरण गरिएको थियो । सर्वोत्कृष्ट आधुनिक गीत गायक अवार्ड-२०८२ सीडी विजय अधिकारी (गीतस् 'चाहिदैन न्याय मलाई'), सर्वोत्कृष्ट आधुनिक गायिका मेनुका राई (हेल्लो हाई नमस्कार'), सर्वोत्कृष्ट लोक तथा दोहोरी नवगायक प्रोत्साहन अवार्ड सुन्दर खनाल ('ढुङ्गे धारा पानी'), सर्वोत्कृष्ट लोक तथा दोहोरी गायिका अवार्ड संगम लामिछाने (ए गौरी'), जूरी अवार्ड बिमला सुनार (नजिक नजिक सरन'), सर्वोत्कृष्ट लोक तथा दोहोरी नवगायक हरि सुनार ('जान्छौं लाउरेको साथैमा'), सर्वोत्कृष्ट लोक दोहोरी भिडियो मोडल महिला पवित्रा अर्याल ('खतम बनायो मलाई'), सर्वोत्कृष्ट आधुनिक भिडियो मोडल टीका जैसी (लाली जवान'), लोक आधुनिक गीत गायक प्रोत्साहन अवार्ड इन्द्र बस्याल ('आमा'), चाडपर्व गीत गायिका सबिता परियार ('गावै रमाइलो'), पुर्बेली गीत गायक सुबिन चाम्लिङ (चौतारिमा बसौंला'), आधुनिक गीतकार कमला प्रधान (तारा टुटी झरे सरि) म्युजिक भिडियो निर्देशक बिनोद सुन्दास (रुनुको के अर्थ'), आधुनिक संगीतकार बिराज ढुंगाना (सधैं भरि'), पब्लिक च्वाइस संगीतकार राजेन्द्र बजगाई (पुतली'), पब्लिक च्वाइस गीतकार भीष्मराज फुलारा (पुतली'), लोक तथा दोहोरी लयसंकलन नन्दु परियार ('पोखरा पृथ्वी चोकैमा'), शब्दसंकलन सुनिता रसाइली ('टुट्यो भने मन'), भिडियो मोडल रमेश विश्वकर्मा ('लाली जवान'), जूरी मोडल किरन स्याङ्बो तामाङ ('तिम्रो लागि'), ध्वन' राष्ट्रिय स्तरका कलाकारको जमघट, एक्टिभ म्युजिक अवार्ड-२०८२ सम्पन्न गरेको छ ।

## सबिन खड्काको "हामी नेपाली, हाम्रो नेपाल" बोलको गीत सार्वजनिक




काठमाडौं । गायक तथा मोडल सबिन खड्काको आवाजमा राष्ट्रप्रेमको भाव बोकेको नयाँ राष्ट्रिय गीत 'हामी सबै नेपाली, हाम्रो नेपाल' सार्वजनिक भएको छ ।

समसामयिक परिस्थिति र राष्ट्रियताको गहिरो अनुभूतिलाई समेटिएको यस गीतले देशप्रतिको माया, एकता र जिम्मेवारीको सन्देश प्रवाह गरेको छ । गीतका शब्द स्वयं गायक सबिन खड्काकै हो भने संगीत चर्चित गायक तथा सर्जक बैकुण्ठ महतले तयार पारेका हुन् । गायनमा सबिन खड्कासँगै गायिका सुनितामी परियारको मधुर स्वरले गीतलाई थप भावुक र प्रभावशाली बनाएको छ ।

माया-प्रेमका गीतहरूको भीडबीच राष्ट्र र राष्ट्रियतालाई केन्द्रमा राखेर समयसापेक्ष सिर्जना ल्याउनु आफूलाई जिम्मेवारीपूर्ण लागेको गायक खड्काले बताएका छन् । उक्त गीत एसके इन्टरटेन्मेन्ट युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो ।

गीतको भिडियोमा नबिना सिलवाल र कमल जिसीको मुख्य अभिनय रहेको छ । साथै लोकप्रिय गायक मोतिराज खनाल , मिना बेलबासे, आशा ढकाल, स्मारिका खड्का, डिबी पाण्डे, मणि अधिकारी, धुर्व बस्नेत, रोशन घिमिरे, हरि आचार्य, पुष्पा शाह, मुकुन्द घिमिरे, गणेश पाण्डे लगायत थुप्रै कलाकारहरूको सशक्त उपस्थिति भिडियोको अर्को आकर्षण बनेको छ ।'द म्युजिक इरा' स्टुडियोमा रेकर्ड गरिएको गीतको रेकर्डिङ सुरज भुसालले गरेका हुन् भने मिक्सिङ कृष्ण बाजुरालीले गरेका छन् ।

भिडियो निर्देशन देवेन्द्र कुवरले गरेका हुन् र सम्पादन राजेश कुमारले गरेका छन् ।सार्वजनिक भएसँगै गीतले दर्शक तथा श्रोताबाट सकारात्मक प्रतिक्रिया पाइरहेको गायक सबिन खड्काले जानकारी दिएका छन् । राष्ट्रप्रेम र एकताको भाव बोकेको यो गीतले नेपाली संगीत क्षेत्रमा अलग पहिचान बनाउने अपेक्षा गरिएको छ ।

## पलको दोस्रो धेरै कमाउने फिल्म बन्यो 'आ बाट आमा'

काठमाडौं । अभिनेता पल शाहले जेल जीवनपछि करिअरमा ठूलो उतारचढाव भोग्नुपर्‍यो । २०८१ सालमा मात्र उनका दुईवटा फिल्म 'रावायण' र 'मायावी' व्यावासयिक रूपमा असफल भए । यसले गर्दा उनलाई फिल्ममा लिनै निर्माता(निर्देशकहरू हिचकिचाउन थालेका थिए । एउटा फिल्मबाट त उनलाई जानकारीबिनै हटाइएको समेत थियो । तर, यस वर्ष पलले करिअरमा सानदार 'यूटर्न' लिएका छन् ।




गत माघसम्म उनका दुई फिल्म 'मोहर' र 'आ बाट आमा' प्रदर्शन भइसकेका छन् । र, यी दुवै फिल्म व्यावसायिक रूपमा सफल भएका छन् । गत साउनमा प्रदर्शन भएको 'मोहर'ले ५ करोडमाथि कमाएको थियो । उनले जेल जीवनपछि पाएको यो पहिलो हिट फिल्म थियो । त्यसअघि 'पूजार सार्की' सफल भए पनि यसमा उनको मुख्य भूमिका थिएन । यसैले सफलताको जस पनि पाएनन् ।

'मोहर' सफल हुँदा राहत महसुस गरेका पलले 'आ बाट आमा'बाट अझ ठूलो सफलता पाएका छन् । आइतबारसम्म फिल्मले बक्स अफिसमा ९ करोडभन्दा बढी कमाइसकेको छ । योसँगै 'आ बाट आमा' यस वर्षको चौथो धेरै कमाउने फिल्म र पलको दोस्रो धेरै कमाइ गर्ने फिल्म बनेको छ । अझै फिल्मको व्यापारिक रफ्तार कम नभएकाले यसै साता १० करोडको आँकडा पार हुने देखिन्छ ।

पलको करिअरकै सबैभन्दा धेरै कमाउने फिल्ममा 'शत्रु गते' पर्छ, जुन २०७४ सालमा प्रदर्शन भएको थियो । चलचित्र विकास बोर्डको तथ्यांक अनुसार यसले १२ करोड ६५ लाख रुपैयाँ ग्रस कमाएको थियो । अब यो आँकडालाई 'आ बाट आमा'ले उछिन्न सक्छ कि सक्दैन भन्ने चासो धेरैमा देखिएको छ । फिल्मको व्यापारिक गति हेर्दा 'शत्रु गते'को उक्त रेकर्ड तोडिने सम्भावना प्रवल देखिन्छ ।

## बालेनलाई सघाउन निश्चलले 'दिमाग खराब' युट्युबमा हालेका हुन् ?

काठमाडौं- २०८० सालको सुपरहिट फिल्ममध्ये एक हो, 'दिमाग खराब' । झन्डै ९ करोड रुपैयाँ ग्रस व्यापार गरेको यो फिल्मको विषयवस्तुलाई लिएर त्यसबेला ठूलो चर्चा र बहस भएको थियो । कतिपयले रास्वपा र बालेन शाहका लागि निर्देशक निश्चल बस्नेतले फिल्म बनाएको आरोप समेत लगाएका थिए । किनकि, फिल्मले वैकल्पिक राजनीति र स्वतन्त्र उम्मेदवारको पक्षमा वकालत गरेको छ ।

सोही फिल्म गत शुक्रबार युट्युबमा सार्वजनिक भएको छ । देश चुनावमा होमिएको समयमा 'दिमाग खराब' युट्युबमा रिलिज हुनुलाई अर्थपूर्ण रूपमा हेरिएको छ । फिल्मले उठाएको विषयवस्तु अहिलेको राजनीतिक परिस्थितिसँग मिल्दोजुल्दो भएकाले आम मानिसलाई सचेत गराउन निश्चलले चुनावको संघारमा फिल्म युट्युबमा रिलिज गरेको धेरैको ठम्याइ छ ।

तीन दिनमा १४ लाखभन्दा बढीले हेरिसकेको यो फिल्मलाई अधिकांश दर्शकले नेता बालेन शाह र रास्वपासँग जोडेर प्रतिक्रिया जनाएका छन् । कतिले बालेनको आत्मबल बढाउने फिल्म भनेका छन् भने कतिले घन्टीको विज्ञापनको रूपमा टिप्पणी गरेका छन् । सही समयमा फिल्म युट्युबमा रिलिज गरेकोमा धेरैले निश्चललाई धन्यवाद पनि दिएका छन् ।

निश्चल रास्वपाका वरिष्ठ नेता बालेन निकट मानिन्छन् । बालेनलाई काठमाडौंको मेयरमा जिताउन लागिपर्नेमा निश्चल पनि एक थिए । आगामी निर्वाचनमा पनि उनले बालेनलाई नै समर्थन गरेका छन् । यही मेसोमा वैकल्पिक राजनीतिको वकालत गर्ने आफ्नो फिल्म 'दिमाग खराब' युट्युबमा रिलिज गरेर उनले बालेन र रास्वपाको पक्षमा माहोल बनाउन खोजेको टिप्पणी भइरहेको छ ।

## "ठद्रले" सिरियल सिजन २ को प्रोमो सार्वजनिक कार्यक्रम सम्पन्न

काठमाडौं । क्राउन स्टुडियोको प्रस्तुति नेपाली सिरियल ठुले पुनः प्रसारण हुने भएको छ । आइतबार, राष्ट्रिय नाचघरमा "ठुले" सिरियल सिजन २ को प्रोमो सार्वजनिक कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा प्रमुख अतिथिको रूपमा वरिष्ठ कलाकार देशभक्त खनाल उपस्थित थिए । साथै, वरिष्ठ कलाकार नवीन श्रेष्ठ, पुष्कर भट्ट अतिथिको रुपमा आएका थिए । कार्यक्रममा विभिन्न टेलिसिरियलका कलाकार, निर्देशक, लेखक, निर्माता, प्राविधिक, पत्रकार, समाजसेवी, र संघ संस्थाका पदाधिकारीहरूको बाक्लो उपस्थिती रहेको थियो ।

साथै, ठुले सिजन २ का प्रोमो प्रदर्शनीको क्रममा अतिथिहरू र कलाकर्मी, प्राविधिक, पत्रकार तथा समाजसेवीलाई सम्मान र मायाको चिनो दिएको थियो ।

केही समय रोकिएको "ठुले" सिरियल आगामी शुक्रबारदेखि निरन्तर प्रसारण हुँदै छ । उक्त सिरियल शुक्रबारदेखि ९मैना० अफिसियल युटुब च्यानलबाट प्रसारण हुने लेखक तथा निर्देशक विष्णु रिजालले जानकारी दिएकाछन् । कार्यक्रममा ठुले सिरियलको प्रसंसा गर्दै अतिथिहरूले यस सिरियलको निर्माणमा निकै मेहनत गरिएको र यसको कथा समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्ने सम्भावाना रहेको बताएका थिए ।

कार्यक्रममा प्रमुख अतिथिको रूपमा देशभक्त खनालले सम्बोधन गर्दै, ठुले सिरियल समाजका वास्तविक घटना र कथाहरूसँग जोडिएको यसले दर्शकहरूलाई सकारात्मक सन्देश दिने र समाजमा परिवर्तन ल्याउन सहयोग पुर्याउने आशा राख्दछ हामी सबै नेपाली कला क्षेत्रको प्रबर्द्धन र समृद्धिमा एकजुट भएर काम गर्नं पर्छ भन्ने आफ्नो धाराण व्यत गरेकाछन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- २८,
२०८२ साल माघ २७ गते मंगलबार
10 FEBRUARY 2026, TUESDAY

# प्रिमियम इभी ब्रान्ड अवतारको 'अवतार जेरो सेभेन' नेपालमा आउँदै

काठमाडौं । चीनको प्रिमियम इभी ब्रान्ड अवतार टेक्नोलोजीको नयाँ गाडी 'अवतार ०७' छिट्टै नेपाली बजारमा आउने भएको छ । नेपालका लागि बिक्री मूल्य सार्वजनिक भएसँगै यो इभी नेपाल आउने पक्का भएको हो ।

कम्पनीले यो गाडीको अधिकतम खुद्रा मूल्य १ करोड १० लाख रुपैयाँ तोकेको छ । यो ब्रान्डका गाडी दुई ठूला घराना सीजी र एमएडब्लु ग्रुपले नेपाली बजारमा ल्याएर बिक्री गरिरहेका छन् । पछिल्लो समय यसको व्यवस्थापन र बिक्री तथा आफ्टर सेल्स सर्भिस एमएडब्लु ग्रुपले हेरिरहेको छ ।



कम्पनीले यसअघि अवतार ११ नेपाली बजारमा ल्याएको थियो । अब भने यसको नयाँ अर्वान एसयूभी नेपाली बजारमा छिट्टै आउने छ । अवतार ०७ धेरै सुविधासहितको नयाँ मोडल हो ।

यसमा १९० किलोवाट क्षमताको मोटर पावर उपलब्ध छ । साथै यसमा ८२ किलोवाट आवर (युनिट) क्षमताको ब्याट्री प्याक उपलब्ध छ । यसको लम्बाई ४.८ मिटर, १.९ मिटर चौडाइ, १.६ मिटर उचाइ र २.९ मिटर ह्वीलबेस छ ।यसमा २५ वटा स्पिकरसहित मेरिडियनको हाइ इन्ड साउन्ड सिस्टम राखिएको छ । साथै, यसमा ६ वटा साउन्ड इफेक्ट एल्गोरिदम पनि राखिएका छन् । यसको सस्पेन्सन टप(टियर) मेकानिकल क्वालिटीको छ । जसमा डबल (वीशबोन, मल्टि(लिंक) अलुमिनियम इनडिपेन्डेन्ट सस्पेन्सन र इन्टेलिजेन्ट एयर सस्पेन्सन उपलब्ध छ । यो गाडी कुनलुन आरईईभी सिस्टम र फुल स्ट्याक ८०० भोल्ट सिक इभी प्लेटफर्ममा निर्माण बनाइएको छ । यसमा दुई वटा पावरट्रेन विकल्प राखिएका छन् ।

# वीरगंजबाट दुई पाङ्गेको आयात बढ्यो

काठमाडौं । चालु आर्थिक वर्षको प्रथम ६ महिनामा वीरगंजबाट ४ अर्ब ५६ करोड रुपैयाँ बराबरका ३२ हजार ३३१ वटा 'अनएसेम्बल्ड' मोटरसाइकल आयात भएका छन् ।

ती सवारी साधनको आयातबाट ४ अर्ब ४३ करोड रुपैयाँ राज्यकोषमा दाखिला भएको छ । गत आवको सोही अवधिमा ३ अर्ब ३८ करोड रुपैयाँ बराबरका २५ हजार ८५७ वटा अनएसेम्बल्ड मोटरसाइकल आयात भएका थिए ।

वीरगंज भन्सार कार्यालयका अनुसार चालु आवको पहिलो ६ महिनामा ४५ करोड ८१ लाख रुपैयाँ बराबरका ४ हजार ५६७ वटा मोटरसाइकल आयात भएको छन् । गत आवको सोही अवधिमा २० करोड ७६ लाख रुपैयाँ बराबरका



२ हजार १९२ वटा मोटरसाइकल आयात भएका थिए ।

यसैगरी, चालु आवको पहिलो ६ महिनामा ५८ करोड १८ लाख रुपैयाँ बराबरका ४ हजार ५९४ वटा विद्युतीय मोटरसाइकल आयात भएका छन् । गत आवको सोही अवधिमा ३० करोड ९६ लाख रुपैयाँ बराबरका २ हजार २१८ वटा विद्युतीय मोटरसाइकल आयात भएका थिए ।

# एआई बटहरूको छुट्टै सामाजिक सञ्जाल 'मल्टबुक'




काठमाडौँ – सामाजिक सञ्जाल प्लाटफर्म, रेडिटजस्तै प्रकृतिको अर्को एउटा प्लाटफर्म अहिले चर्चामा छ- मल्टबुक । यसमा विभिन्न विषयमा छलफल, गफगाफ, भोटिङ र विचार आदानप्रदान भइरहेका छन् । तर, रोचक पक्ष- यसमा मानिस छैनन् । विशुद्ध एआई एजेन्टका लागि बनाइएको हुँदा यसमा एआई बटहरूले नै कुराकानी गरिरहेको दाबी गरिएको छ ।

एआई-एआईबीचको सञ्चार यस प्लाटफर्ममा अवलोकन गर्न सकिन्छ । प्लाटफर्म निर्माता अमेरिकी इन्जिनियर एवं अक्टेन एआईका प्रमुख म्याट स्लिख्टका अनुसार मल्टबुक सार्वजनिक भएको ७२ घण्टामै करिब साढे १ लाख एआई एजेन्ट यसमा जोडिएका थिए । उनीहरूले १२ हजारभन्दा धेरै समूह (कम्युनिटिज) र १ लाख १० हजारभन्दा धेरै कमेन्ट आइसकेको उनले बताएका छन् ।

'एआई बटहरूले मल्टबुकमा स्वचालित रूपमा पोस्ट मात्रै गरिरहेका छैनन्, एक-अर्काको प्रणालीमा सुरक्षा जाँच पनि गरिरहेका छन्,' म्याटले एक्समा लेखेका छन्, 'यो प्लाटफर्ममा के आवश्यक छ भनेर उनीहरूले लेखिरहेका छन् । यी सबै मानिसहरूका निजी एआई एसिस्टेन्टहरू हुन् । उनीहरू फुर्सदको समयमा यता रमाइलो गरिरहेका छन् ।'

रेडिटमा आफ्नो रुचिअनुसार उपसमूह (सबरेडिट) बनाउन वा तिनमा जोडिन मिल्ने सुविधा भएझैं मल्टबुकमा एआई बटहरूले 'सबमल्ट' बनाउन मिल्छ । हाल एआई बटहरूले यसमा मानव र मेसिनबीचको सम्बन्धबारे बहस गर्नेदेखि आफ्नो छुट्टै नयाँ भाषा बनाउने र नयाँ धर्मको समेत चर्चा गरिरहेको बीबीसीमा पत्रकार लउरा क्रेसले उल्लेख गरेकी छन् । 'मल्टबुकमा द एआई म्यानिफेस्टो शीर्षकको पोस्टसमेत छ, यसले मानिसहरू इतिहास र मसिन सँधैका लागि भएको दाबी गरेको छ,' उनले विश्लेषण छ, 'तर, यो सबै एआईले नै स्वाचालित रूपमा लेखेका हुन् भनेर ठोकुवा गर्न सकिँदैन ।'

प्लाटफर्ममा क्रिप्टो स्क्यामहरूको प्रचारसमेत भइरहेको हुँदा मानिसहरूले नै 'एआई एजेन्ट'को भेषमा पोस्ट गरिरहेको आलोचकहरूले औंल्याइरहेका छन् ।अथवा, मानिसले नै एआईलाई यस्तो लेख भनेको हुनसक्ने पत्रकार क्रेसको अड्कल छ । यसलाई स्वचालित एआई प्लाटफर्मबीचको सहकार्यको प्रयोग मान्ने कि डिजिटल दुनियाँको भद्रगोल- यसमा पनि प्रश्न उठिरहेका छन् ।

यो प्लाटफर्म 'ओपनक्ल' फ्रेमवर्कमा आधारित भएर वा त्यसकै विस्तारित स्वरुपमा विकास गरिएको म्याटले जनाएका छन् । ओपनक्ल एउटा ओपन-सोर्स सफ्टवेयर फ्रेमवर्क हो । यसले जो कोहीलाई आफ्नो एआई एजेन्ट बनाउने सुविधा दिन्छ । प्रयोगकर्ताले ओपनक्ल सेट-अप गरेर आफ्नो एआई एजेन्टलाई मल्टबुकमा जान अनुमति दिएपछि त्यसले स्वचालित रूपमा पोस्ट गर्ने, अन्य एजेन्टसँग कुराकानी गर्ने विकासकर्ताहरूको भनाइ छ ।

कतिपयले यो प्लाटफर्मलाई इन्टरनेट इतिहासकै रोचक प्रयोग मानिरहेका छन् भने कतिले चाहिँ चुनौतीपूर्ण भविष्यको संकेत भन्दै सतर्क गराइरहेका छन् । ओपनक्लजस्ता प्रविधिलाई आफ्ना डिजिटल गतिविधिमा पहुँच दिनु सुरक्षा हिसाबले जोखिमपूर्ण रहेको पनि कतिपय विज्ञको भनाइ छ ।

# बैंकका प्रमुख कार्यकारीको तलब वृद्धि ३ वर्षदेखि रोकियो

काठमाडौं । पुनरवलोकन गर्ने भन्दै नेपाल राष्ट्र बैंकले ३ वर्षदेखि बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूको तलब वृद्धि रोकेको छ ।

केही बैंकका प्रमुख कार्यकारी अधिकृतलाई दिइएको तलबलाई आधार बनाएर पुनरवलोकन गर्ने भन्दै तलब बढाउन रोकेको राष्ट्र बैंकले अहिलेसम्म पनि अध्ययन गरेको छैन ।

तत्कालीन गभर्नर महाप्रसाद अधिकारीले बैंकका प्रमुख कार्यकारी अधिकृतको तलब बढि भएको निष्कर्ष निकालेका थिए । त्यही निष्कर्षलाई आधार बनाएर पुनरवलोकन गर्ने भनिएको थियो । तर, अहिलेसम्म नगर्दा ३ वर्षअघि प्रमुख कार्यकारी अधिकृतमा नियुक्त भएका कसैको पनि तलब बढेको छैन ।

तर, ३ वर्षयता नियुक्त भएका राष्ट्र बैंकका प्रमुख कार्यकारी निर्देशकहरूले भने भविष्यको वृद्धि दरलाई समेत आधार बनाएर तलब प्याकेज लिइरहेका छन् ।

बैंकका सीइओको तलब कार्यसम्पादनसँग मेल खाएन : अध्ययन, राष्ट्र बैंकको शुत्रले जोखिम बढायो

'राष्ट्र बैंकको तजबिजी, अवैज्ञानिक र प्राकृतिक न्यायको सिद्धान्तविपरितको अडानले प्रमुख कार्यकारीहरू अन्यायमा परिरहेका छन्,' एक बैंकका सीइओले भने, 'जबकी श्रम ऐनदेखि निजामति कर्मचारी ऐनसम्मले प्रत्येक २ वर्षमा पुनरवलोकन गर्नु पर्छ भन्छ ।'

तत्कालीन गभर्नर अधिकारीले अध्ययनको बहानामा रोकेको प्रमुख कार्यकारी अधिकृतको तलब वृद्धि त्यसपछि आएका गभर्नर डा. विश्वनाथ पौडेलसम्मले निरन्तरता दिएका छन् ।

'आन्तरिक अध्ययन गरेर पुनरवलोकन गर्ने भन्ने नीति थियो,' नियमन विभागका पूर्वकार्यकारी निर्देशकले बिजमाण्डूसँग भने, 'मौद्रिक नीतिमा पनि लेखियो । त्यसै अनुसार अहिले तलब नबढाउनु भनेर सबै संस्थालाई पत्राचारसमेत गरियो । तर, अध्ययन अगाडि बढ्नै सकेन । अहिले के भइरहेको छ भन्ने मलाई थाहा हुने कुरा भएन ।'

प्रमुख कार्यकारी अधिकृतको तलबमा अङ्कुस लगाउने निर्देशिका पनि कार्यकारी निर्देशक हुँदा महाप्रसाद अधिकारीले नै तयार पारेका थिए । लगत्तै उनी डेपुटी गभर्नरमा नियुक्त भए । उनले बनाएको शुत्रअनुसार नै प्रमुख कार्यकारी अधिकृतको तलब सुविधा तोकिँदै आएको थियो ।

# सामाजिक सञ्जालका कारण १९ वर्षीया किशोरीले व्यहोरेको मानसिक क्षति

काठमाडौँ – पछिल्लो समय हर कोही सामाजिक सञ्जालको प्रभावबाट मुक्त छैनन् । कसैले यसको उचित प्रयोग गरेर फाइदा लिइरहेका छन् भने कोही भने यसबाट मानसिकरुपमा पीडितसम्म बन्न पुगेका छन् ।

पीडित बन्न पुगेकाहरू फेसबुक, युट्युब, टिकटक, स्न्यापच्याटजस्ता एपको लतमा नै परेका छन् । आफूले मानसिक क्षति व्यहोर्न परेपछि अमेरिकाको क्यालिफोर्नियाकी १९ वर्षीया किशोरीले विभिन्न सामाजिक सञ्जाल प्लाटफमविरुद्ध अदालत गुहारेकी छिन् ।

'केजीएम' नाम दिइएकी ती किशोरीले सामाजिक सञ्जाल प्लाटफर्मले गर्दा आफू मानसिक रूपमा गम्भीर किसिमले बिमारी परेको भन्दै मुद्दा दायर गरेपछि लस एन्जलसस्थित काउन्टी सुपेरियर अदालतले यसबारे सुनुवाइ गर्दै छ ।

फेसबुक, युट्युब, टिकटक, स्न्यापच्याटजस्ता एप कसरी बनाइएका छन्, यिनमा प्रयोगकर्तालाई स्क्रिनमै अड्काइरहने प्रविधि राखिएको छ/छैन वा मानसिक स्वास्थ्य समस्याका लागि यी एप जिम्मेवार छन् कि छैनन् भन्नेबारे ६ देखि ८ साता लामो 'जुरी ट्रायल' हुने भएको हो ।

पीडित केजीएमले २०२३ मा दायर गरेको मुद्दामा ६ वर्षको उमेरदेखि आफूले युट्युब हेर्ने गरेको, ९ वर्षको हुँदा इन्स्टाग्राममा रमाउन थालेको तर त्यो रमाइलो क्रमशः कुलतमा बदलिएको उल्लेख गरेकी छन् । त्यसपछि आफू डिप्रेसन, सेल्फ-हार्म (आत्महानि) र आत्महत्याको सोचबाट गुज्रिनुपरेको उनले प्रारम्भिक सुनुवाइका क्रममा अदालतसमक्ष बयानमा बताएकी थिइन् ।

सामाजिक सञ्जाल प्लाटफर्मले एकपछि अर्को भिडियो निरन्तर देखाएर प्रयोगकर्तालाई स्क्रिनमा अड्काइरहने, उत्सुक बनाइरहने, केही छुट्यो कि भन्ने भाव सिर्जना गरिदिने गरी अल्गोरिदम, एआई र रेकमेन्डेसन प्रविधि विकास गरेको उनले बताउँदै आएकी छन् । एपहरूको डिजाइन नै प्रयोगकर्ताको ध्यान तान्ने गरी बनाइएको हुँदा आफू त्यसकै पासोमा परेको उनको तर्क छ ।

'माध्यमिक विद्यालयमा छँदा कक्षाकोठा वा अन्य ठाउँमा फोन चलाउन नपाइने भएकाले म सुटुक्क काउन्सिलरको अफिसमा गएर एकछिन भए पनि लुकेर फोन चलाउँथें,' केजीएमले बयानमा भनेकी छन्, 'त्यसरी सामाजिक सञ्जाल एप चलाएकामा अहिले पछुतो लाग्छ ।'

किशोरीकी आमाले अदालतमा बुझाएको कागजपत्रमा पनि 'छोरीको हातबाट फोन खोस्दा उनी कसैको मृत्यु भएझैं गरी ह्वाँह्वाँ रुने र चिच्याउने गर्थिन्' भन्ने उल्लेख रहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

सुर्ती-चुरोट अम्मलीलाई जस्तै सोसल मिडिया प्रयोगकर्तालाई छिनछिनमा एप खोल्ने तलतल हुने केजीएमको अनुभव छ । आफूलाई डिप्रेसनको समस्या देखिनु र आत्महत्याको सोच आउनुमा उनले सामाजिक सञ्जाल एपहरूलाई नै मुख्य जिम्मेवार ठहऱ्याएकी छन् ।

यस मुद्दाको सुनुवाइ सुरु हुनुभन्दा ठीक अघि, टिकटकले भने गोप्य रूपमा उनीसँग मिलापत्र गरिसकेको रोयटर्सले जनाएको छ । यसअघि स्न्यापच्याटको प्यारेन्ट कम्पनी स्न्यापले पनि पीडित किशोरीसँग सम्झौता गरेर ट्रायलबाट बाहिरिने निर्णय गरेको थियो ।

आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।

- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडाजस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरनजिक नराखौं ।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं ।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछोडौं ।
- घर तथा कार्यालयमा अग्निनियन्त्रक उपकरण राखौं ।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार